साहसिक पत्रकारिता

संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १६, ●पूर्णाङ्क ३३५, ● अंक ५ ●२०८१ साल मंसिर १-१५ गते ● ( 16 November, 30 November, 2024) ● मूल्य रु. १०



१. निर्वाचनमा गएर आफ्नो पार्टीसँग गद्दारी
२. केन्द्रको निर्देशन नमान्ने
३. निर्वाचनमा टिकट नपाएको
४. आफूले भनेको मान्छे पोस्ट नपाएको
५. पार्टीको जासुसी गर्ने, सुचना चुहाउने
६. नयाँलाई विशेष महत्व, पुरानोलाई बाइपास
७. मन्त्री, सांसद बन्न नपाएको
८. लामो समय मन्त्री बन्न नपाएको
९. आर्थिक सहयोग भएन
१०. भनेको काम मन्त्रीले गर्दिएन
११. मुख्यमन्त्री, मन्त्रीले फोन उठाएन
१२. योजना परेन
१३. भनेको अनुसार सरुवा भएन
१४. मुख्यमन्त्री, मन्त्री घरमा आएनन्
१५. राजनीतिक नियुक्ति पाइनन्
१६. पार्टीले मौका दिएन
१७. नेतृत्व तथा पार्टीप्रति आदरभाव नराख्ने
१८. पार्टी नेतृत्व तथा मन्त्रीले फोन उठाएन
१९. मुख्यमन्त्री, मन्त्री आउदा खबर भएन

डा.सिके राउत नेतृत्वको जनमत पार्टी बनेको थियो त्यसरी नै अहिले धरासायी भइरहेको छ। २०७९ को चुनावपछि संसदीय तथा सत्ता राजनीतिमा आएको जनमत पार्टी मजबुत हुनुको सट्टा दिनदिनै सो पार्टी छाड्नेको ताँती लागेको छ। पार्टी छाड्नेलाई रोक्न जनमत पार्टीका अध्यक्ष सिके राउतलाई हम्मेहम्मे भइरहेको छ। पार्टीबाट जानेलाई रोक्न नसकेपछि अध्यक्ष राउतले पार्टीको बैठक बसाएर नै त्यसको बारेमा समिक्षा गरी उल्टै जानेहरुमाथि विभिन्न १९ वटा आरोप लगाउनु भएको छ। तर आफ्नो र पार्टीको दोष वा आत्मसमिक्षा कहीं कतै गर्नुभएको छैन।

मन्त्री नबनाएको, सांसद नबनाएको, खर्चबर्च नदिएको, सरुवा बढुवा नगरि दिएको, समयमा फोन नउठाइ दिएको जस्ता आरोप पार्टी छाडेर जानेहरुमाथि उहाँले लगाउनु भएको छ।

बाँकी पृष्ठ १२ मा

# सिके राउतलाई छाड्ने १९ कारण

## अभिमत

# सम्पादकीय

## नेपाल-भारत सम्बन्धमा दरार

नेपाल-भारत बिचको सम्बन्ध अहिले नराम्रो अवस्थामा पुगेको छ । वर्तमान सरकारप्रति भारत खुश छैन अर्थात अहिलेको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई भारतले मनैदेखि स्विकार नगरेको संकेत सतहमा आइसकेको छ । नेपाल-भारत बिच भइरहने नियमित कामबाहेक अहिले अरु केही भइरहेको छैन । केपी शर्मा ओली प्रधानमन्त्री भइसकेपछि नेपाल-भारत बिच कुनै नयाँ सम्झौता पनि भएको छैन । केपी शर्मा ओलीको प्रधानमन्त्रीमा नियुक्त भएको ६ महिनाभन्दा बढी भइसकेको छ तर हालसम्म भारतले भ्रमणका लागि निमन्त्रणा पनि आएको छैन । निमन्त्रणाको पर्खाइ भइरहेको छ । यो बिचमा केपी शर्मा ओली अमेरिको भ्रमण गरिसक्नु भएको छ भने चीनको भ्रमण गर्ने तयारीमा हुनुहुन्छ । हुन त हालसम्म चीन भ्रमणमा जाने औपचारिक घोषणा भएको छैन तर सरकार आन्तरिक तयारीमा जुटिसकेको कुरा विभिन्न स्रोतबाट थाह हुन्छ ।

चीन भ्रमणमा जाने तयारी चलिरहेको बेला कतिपयले प्रधानमन्त्री ओली भारतविरुद्ध चाइना कार्ड प्रयोग गरेको आरोप पनि लगाएका छन् । नेपालमा प्रधानमन्त्री नियुक्त हुने बित्तिकै भारतले सबभन्दा पहिले निम्तो दिएर बोलाएको चलन रहेको देखिन्छ । तर यसपटक भारतले नेपाललाई बेवास्ता गरेको छ । अहिलेको जस्तो अवस्था राजा महेन्द्र तथा विश्वेश्वर प्रसाद कोइरालाको बेलामा पनि थिएन । हुन त उहाँहरुले पनि चीनलाई देखाएर भारतलाई तर्साउन खोज्नु भएको थियो । उहाँहरुले त्यसो गर्दा भारत केही नरम भएको थियो तर यसपटक भारतको व्यवहार अरु समयभन्दा फरक देखिएको जानकारहरुको बुझाइ रहेको छ । एक त नेपालको प्रधानमन्त्रीमा केपी शर्मा ओली नियुक्त भएपछि भारतका लागि त्यतिकै रुचीकर थिएन । त्यसमा पनि प्रधानमन्त्रीमा नियुक्त हुने बित्तिकै भारतको विरुद्धमा उहाँले फायर खोल्नु भएको थियो ।

इपीजी प्रतिवेदन लागु गराउन दबाव दिनुको साथै चुच्चे नक्सा नेपाली नोटमा राख्ने जस्ता कुराले पनि भारत चिढिएको हो । नेपाल-भारतबिच देखिएको सीमा विवाद समाधान गर्न पनि भारतलाई दबाव दिनुभएको थियो । प्रधानमन्त्रीमा नियुक्त हुने बित्तिकै ओलीले दबाव बढाउन थालेपछि भारत नेपालबाट खतरा महसुस गरेको हो । त्यसले झन सम्बन्धमा दरार उत्पन्न भएको छ । जब जब नेपालमा कसैले आफूलाई राष्ट्रवादी देखाउन पर्यत्न गरे, त्यतिबेला भारतसँग सम्बन्ध बिग्रेको देखिन्छ । यो अवस्था अहिले गणतन्त्रमा मात्र होइन, यसअघिको बहुदल होस् या पंचायत वा शाही अथवा राणाकाल किन नहोस् । सबैको शासनकालमा भारतलाई विरोध गरेर आफूलाई राष्ट्रवादी देखाउने चलन जस्तै बसिकेको थियो । जसले जति भारतको विरोध गर्थे नेपालमा त्यो त्यति नै राष्ट्रवादी कहलाउथे । चाहे पृथ्वीनारायण शाह होस् या रणबहादुर शाह अथवा रणजंग पाण्डे किन न होस् । उहाँहरुले आफूलाई राष्ट्रवादी देखाउनका लागि भारतको विरोध गर्दै चीनलाई समर्थन गर्नुभएको थियो ।

पञ्चायतकालमा पनि भारतको विरोध गर्ने नै देशभक्त हुने र राजाको गुणगान गर्ने नै राजभक्त हुने संस्कृतिको विकास भएको थियो । राजा महेन्द्र नेपालका सबभन्दा राष्ट्रवादी देखिनुमा पनि भारत विरोधी मानसिकता नै रहेको हो । भारतको सामु राजा महेन्द्रले कहिले घुँडा टेक्नु भएन, त्यही भएर नेपाली जनताले अहिले पनि महेन्द्रलाई राष्ट्रवादी राजाको रुपमा चिन्छ । देशमा प्रजातन्त्रको उदयपछि बीपी कोइरालाहरु पनि भारतलाई देखाएर आफूलाई राष्ट्रवादी नेताको रुपमा उभ्याउन सफल हुनुभएको थियो ।

नेपाल यस्तो देश हो जहाँ कुनै घटना भयो भने त्यसलाई भारतको नजरले हेर्ने गरिन्छ । जनमत संग्रह (२०३६) मा बहुदल समर्थकहरूलाई पनि भारतीय दलालको संज्ञा दिएको थियो । २०४२ को सत्याग्रहमा पनि भारतीय हात रहेको तथा २०४६ सालको आन्दोलनमा भारतीय समर्थन रहेको चर्चा नभएको होइन । यस्ता आरोप लगाउने नेपालका सबभन्दा राष्ट्रवादी व्यक्तित्व ठहरिन्छन् । २०४७ पछि बनेको नेपाली कांग्रेसको सरकारलाई भारतीय समर्थक सरकार हो भनि आरोप लागेको थियो । खासगरि तत्कालिन पञ्च तथा कम्युनिष्टहरुले त्यस्तो आरोप लगाएर राष्ट्रवादी बनेका थिए । पछि कम्युनिष्टहरु सत्ताको राजनीतिमा आएपछि उनीहरुमाथि पनि भारत समर्थक चीन समर्थकको आरोप लाग्न थाले । चीनको विरोध गरेपछि केही पनि नहुने तर भारतको विरोध गरेपछि राष्ट्रवादी हुने चलन अहिलेसम्म देखिएको छ ।

कुनै समय माओवादीका अध्यक्ष प्रचण्डले भारतको विरोध गरेर राष्ट्रवादी नेताको रुपमा दर्ज हुनुभएको थियो भने अहिले प्रधानमन्त्री केपी शर्मा ओली भारतको विरोध गरेर देशका सबभन्दा ठूलो राष्ट्रवादी नेता हुनुभएको छ । सोही राष्ट्रवादी छवीका कारण देशको ठूलो पार्टी बनाउन सफल हुनुभएको छ । भारतको जति विरोध गर्‍यो नेपालमा त्यतिकै समर्थन र मत पाइन्छ भनि आम बुझाई राजनीतिक दलका नेताहरुमा देखिएकाले बेलाबेलामा नेताहरुमा राष्ट्रवादीको भुत सवार हुँदा भारतको विरोध गर्न थाल्छन् र चीनको समर्थन । सानो उदाहारण माओवादी सत्तामा आउनुपूर्व भारतविरोधी भाषण गर्न कहिल्यै थाकेन । भारत विरुद्ध युद्ध नै घोषणा गर्ने जस्तो चर्को भाषण पनि सुनिएको थियो । तर जब सत्ताको राजनीतिमा आयो त्यसपछि कोही दिल्ली नजिक भए भने कोही बेजिङ नजिक । त्यसैको नतिजा हो आज नेपाल-भारत बिचको चिसोपना ।

## तथ्यांक आफै बोल्छ

**निर्यात भएका मुख्य वस्तु**

| | |
|---|---|
| सेयाबिन तेल | ३ अर्ब ४० करोड ९६ लाख |
| कार्पेट | २ अर्ब ३० करोड ७ लाख |
| कालो चिया | २ अर्ब ९ करोड १४ लाख |
| अलैची | १ अर्ब ९० करोड २ लाख |
| आइरन तथा स्टिल | १ अर्ब ७२ करोड ४१ लाख |
| जुट | १ अर्ब ६८ करोड ४८ लाख |
| धागो | १ अर्ब ६५ करोड १९ लाख |
| जुस | १ अर्ब ५५ करोड ६६ लाख |

## दस्तावेज

# संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र सरकार बिच भएको आठ बुँदे सम्झौता

नेपालमा मधेशी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच तत्काल लागु हुने गरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरू देहाय बमोजिम छन् ।

१. मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषण गर्ने र हालसम्म राहत नपाएका अङ्गभङ्ग भएकाहरूलाई उचित राहत राज्यले उपलव्ध गराउने छ । यसै क्रममा आन्दोलनमा घाइते भएकाहरूको उपचार खर्चको व्यवस्था र शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रू. १० लाखका दरले राहत उपलव्ध गराउने तथा गिरफ्तार व्यक्तिहरूलाई तत्काल रिहा गरिनेछ ।

२. मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रूपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरू पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।

३. संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।

४. सरकारले सुरक्षा अङ्ग लगायत राज्यका सबै निकायहरूमा मधेशी, आदिवासी-जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रूपले गर्नेछ ।

५. नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।

६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरूलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै वार्ताबाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ । यसको लागि नेपाल सरकारले तत्कालै अनुकुल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ । आगामी चैत २८ गतेको संविधानसभा निर्वाचन शान्तिपूर्ण, निष्पक्ष, भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपील गर्दछौं ।

७. सरकार र मधेशी जन अधिकार फोरम बीच २०६४ भाद्र १३ गते भएको २२ बुँदे सम्झौता अनुरूप बन्दी राखिएकाहरूको यथाशिघ्र रिहाई, फोरम लगायत अन्य मधेशी नेता तथा कार्यकर्ताहरू माथि लगाइएको मुद्दाहरू अविलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी बुँदाहरू नेपाल सरकारले अविलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा जारी रहेका आन्दोलनका सबै कार्यक्रमहरू तत्काल फिर्ता लिइएको छ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरूको संवैधानिक, कानूनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहने छ । सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चासमेत सम्मिलित एक उच्च स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

सम्झौतामा हस्ताक्षर गर्नेहरू

राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष
सद्भावना पार्टी

उपेन्द्र यादव
केन्द्रीय संयोजक
मधेशी जन अधिकार फोरम, नेपाल

महन्थ ठाकुर
अध्यक्ष
तराई मधेश लोकतान्त्रिक पार्टी

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री
नेपाल सरकार
२०६४ फागुन १६ गते

## पाठक पत्र

### नेपालमा जग्गा काण्डमा नेताहरु

देशमा एक जना रवि लामिछाने मात्र हुनुहुन्न । नेपालमा एक जना मिनबहादुर गुरुङ हुनुहुन्न । देशमा ललिता निवासको जग्गा काण्ड, टी स्टेट जग्गा काण्ड, बाल मन्दिर जग्गा प्रकरण, बल्खुको सरकारी जग्गा प्रकरण यस्ता थुप्रै काण्ड छन् नेपालमा । तर ती जति पनि जग्गा काण्ड भएका छन् ती सबैमा राजनीतिक दल र त्यसका नेताहरुको हात रहेको देखिन्छ । ललिता निवासको सरकारी जग्गा काण्डमा नेपालका शीर्ष नेताहरुको नाम आइ सकेका छन् । बाल मन्दिर र झापाको टी स्टेटमा पनि नेताहरुकै नाम सामुने आएका छन् । यी त भए लुकाइ चोराइ जग्गा आफ्नो कब्जामा राखेको जमिन तर देशमा सैयौं विघा जमिन राजनीतिक दलका नेताहरुले कब्जामा राखेका छन् । विभिन्न बहानाबाट सरकारसँग लिएर त्यसलाई ती दलका नेता तथा दलले त्यसलाई अन्य अन्य प्रयोजनामा प्रयोग गरिरहेका छन् । देशका ठूला दलहरु मात्र होइन साना दलहरुले पनि आआफ्नो पार्टी कार्यालय सञ्चालन वा भातृ संगठन सञ्चालन गर्नका लागि सरकारी जग्गा कब्जामा लिएका छन् ।

*राजेश महतो*
*काठमाडौ, किर्तिपुर त्रिवि छात्रावास*

## फेसबुक



**रामकुमार शर्मा**

मधेसी मुक्ती आन्दोलन कहाँ कहाँ चुक्यो ?

१.मधेस आन्दोलनका अधिकाशं नेताहरु जातपातबाट मुक्त हुन सकेन ! मधेसी राष्ट्रियतालाई मजबुत गर्नुको सट्टा जातको गोलचक्करमा बढी रमाउनु !

२.राष्ट्रिय मुक्ती आन्दोलनको कुरा गरेता पनि तद अनुकूलको बिचार/राजनीति, क्रान्तिकारी संगठन, मोर्चा र अन्तरराष्ट्रिय सम्बन्धको विकास गर्न नसक्नु !

३.सडक र संसदीय संघर्षलाई मुख्य र सरकारलाई सहायक बनाउनु पर्नेमा यसको ठिक उल्टो सरकारलाई मुख्य र सड़क एवं संसदीय सर्घषलाई सहायक बनाउनु !

४.बिचार/राजनीति र मुद्दा मिल्ने मित्र शक्तिहरूसँग मात्रै गठबन्धन गर्ने वा सरकारमा जानुपर्नेमा त्यसको कुनै बिचार नगरि सरकारमा जानकै लागि पहिचान, संघियता एवं समावेशीकरण विरोधी शक्तिसँग सहकार्य गरी जनभावना विपरित नागरिकसँग विश्वासघात गर्नु !

५.मधेशका प्रमुख नेताहरुमा मधेश आन्दोलन र मधेसी नागरिकलाई केन्द्रमा राखेर काम गर्नुभन्दा आफ्नो अंहकार एवं बर्चस्वको लागि काम गरेको पाइन्छ ! यसको लागि उनीहरु घोर मधेस बिरोधी शक्तिसंग आत्मसमर्पण गर्न पनि पछि पर्देन ! मधेसी नेताहरुको यही कमजोरीलाई समातेर नस्लिय शासक वर्गले फुट डालो और शासन करो नीतिमा सफल भएको देखिन्छ !

६.मधेसी मुक्ति आन्दोलनको सफलताको लागि बिशेषगरि छिमेकी मुलुक भारतसँग विश्वसनीय दोस्तीको सम्बन्ध बनाउनुपर्ने ठाउँमा या त भारतको दलाल बन्ने नत्र दुश्मनी गर्ने गलत नीतिबाट मुक्त हुनुपर्छ !

७.बिगत ८ वर्ष देखि मधेस प्रदेस सरकारको नेतृत्व मधेस केन्द्रित दलहरुको नेतृत्व एवं गठबंधनमा रहेता पनि सुशासन र विकासको ठोस अनुभुति दिलाउन नसक्नु !

८.सफलताको सबै जस आ-आफै लिने तर बिगतमा मधेस मुक्ति आन्दोलनमा दुख गरेका र योगदान गरेका अन्य प्रमुख नेताहरु बारे इतिहासको ईमानदार मुल्यांकन र सम्मानको अभाव !

# ओली आउँदा भारतसँग सम्बन्ध खराब

जबजब नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली देशका प्रधानमन्त्री बन्नुहुन्छ, तबतब नेपाल-भारतको सम्बन्धमा दरार उत्पन्न हुन्छ। अहिले पनि नेपाल-भारत बिचको सम्बन्धको सम्बन्धमा दरार उत्पन्न भएको छ। एमाले अध्यक्ष ओली प्रधानमन्त्री भएपछि नेपाल-भारतको सम्बन्ध नराम्रो मोडमा पुगेको छ। प्रधानमन्त्री ओलीको विदेश भम्रणलाई लिएर पनि हरेक वर्ष विवाद उत्पन्न हुने गरेको छ। तीन पटक उहाँ प्रधानमन्त्री बन्नुभयो। तीनैपटक उहाँको भ्रमण विवादित रह्यो। यसपटक पनि त्यस्तै भइरहेको छ। अहिले पनि उहाँ चीन जाने कि भारत त्यसमा विवाद चलिरहेको छ। प्रधानमन्त्री ओलीलाई चीन-भारतमध्ये कसैले भ्रमणको निमन्त्रणा दिएका छैनन्।

प्रधानमन्त्री ओलीको इच्छा भारत भ्रमण गर्नु नै हो। त्यसका लागि उहाँले आफ्ना विभिन्न चैनल प्रयोग गरेर माहोल बनाउने प्रयास गरिरहनु भएको छ तर भारतले बेवास्ता गरेको छ भने चीनले हालसम्म कुनै प्रतिकृया दिएको छैन। त्यसैको संकेत हो, प्रधानमन्त्री ओलीलाई भ्रमणको निमन्त्रणा नदिनु। ओली प्रधानमन्त्री भएकोमा भारतलाई मन परेको छैन। नेपालमा प्रधानमन्त्री बनेपछि पहिलो भ्रमण भारत गर्ने परम्परा जस्तै थियो। अधिकाँश नेपालका प्रधानमन्त्रीको भ्रमण भारतबाट सुरु भएको देखिन्छ। त्यो भ्रमण गराउनमा भारतको पनि भूमिका हुन्थ्यो तर यसपटक भारतले नेपालका प्रधानमन्त्रीलाई भ्रमणका लागि निम्तो समेत दिएको छैन यसबाट बुझ्न सकिन्छ कि नेपाल-भारतको सम्बन्ध कुन बिन्दुमा पुगेको छ।

सुरुदेखि नै प्रधानमन्त्री ओलीसँग मोदी नेतृत्व भारत सरकारको सम्बन्ध राम्रो छैन। सम्बन्ध सुधारका लागि कहींबाट कुनै प्रयास पनि भएको देखिदैन। प्रधानमन्त्री ओलीले विवादित भूमी कालापानी, लिपुलेक, लिम्पियाधुरालाई समेटेर नयाँ नक्सा जारी गरेपछि सम्बन्ध झन बिग्रेको हो। प्रधानमन्त्री ओलीले नेपाली नोटमा चुच्चे नक्सा राख्ने निर्णय गरेपछि भारत झन बिच्किएको छ। भारतले नेपालमाथि लगाएको नाकाबन्दीलाई सबभन्दा बढी विरोध गर्ने काम प्रधानमन्त्री ओलीले गर्नुभएको थियो। त्यतिबेला नै भारतको बिकल्पमा उहाँले चाइनालाई नेपालमा स्पेश दिनुभएको थियो। त्यो बेलादेखि चीन नेपालमा जाडा गाडेको छ।

यसको दोष पनि भारतले ओलीलाई नै दिइरहेको छ। ओली प्रधानमन्त्री भएपछि भारत खतरा महसुस गरेको छ। प्रधानमन्त्री ओली पनि भारतसँग कडाइका साथ प्रस्तुत भएपछि चीनलगायत अन्य देशहरुको फ्लो नेपालमा बढेका हुन्छन् जसले गर्दा भारतले खतरा महसुस गरेको हुन्छ। नेपालका लागि पूर्व भारतीय राजदुत रञ्जित राय भन्नुहुन्छ, 'नेपाल-भारत सबभन्दा नजिकको छिमेकी देश भएको कारण सानोतिनो मनमुटाव हुनु स्वभाविक हो, त्यस्ता मनमुटावलाई वार्ता र संवादबाट समाधान गर्नुपर्छ।'

दुई देशबिच सीमा विवाद छ भने त्यसलाई वार्ता र संवादमार्फत समाधान गर्नुको सट्टा हरेकपटक एक कदम अगाडि बढेको देखिन्छ भन्दै पूर्वराजदुत रायले कालापानी, लिपुलेकको विषयलाई लिएर विवाद भयो त्यसलाई समाधान गर्न पहल हुनुपर्थ्यो तर नेपालले नक्सा संशोधन गरेर त्यसलाई संविधानमा नै समावेश गर्‍यो, त्यति मात्र होइन, त्यो नक्सालाई आफ्नो नोटमा पनि राख्यो, यसले विवाद समाधान नहुने बताउनुभयो। जे कुरामा विवाद छ त्यसलाई अगाडि बढाउन छाडेर त्यसको समाधानका लागि अगाडि बढ्नुपर्छ चाहे भारत होस् या नेपाल। संयमता दुवैले अपनाउनुपर्छ भन्दै उहाँले पछिल्लो समय नेपालले समस्या समाधान गर्न नचाहेको जस्तो देखिएको बताउनुभयो।

बाँकी पृष्ठ १२ मा

# एक दशकमा पनि पुल नबेपछि रोज्यो वैकल्पिक बाटो

२०७१ सालदेखि निर्माण भइरहेको रौतहटको टिकुलियास्थित पक्की पुलको निर्माण कार्य पूरा नभएपछि इशनाथ नगरपालिकाले नदी वारपार गर्न वैकल्पिक बाटो निर्माण गर्न बाध्य भएको छ। पुल नहुँदा वर्षाको समयमा बाढी आउँदा जोखिमपूर्ण डुङ्गाको यात्रा गर्नुपर्ने बाध्यता त्यस भेगका जनताको। हाल नदीमा पानी कम भएपछि पालिकाले नदीमा ह्युमपाइप राखेर वैकल्पिक बाटो निर्माण गरेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताले बताउनुभयो। रौतहटको सदरमुकाम गौर र इशनाथ नगरपालिका जोड्ने लालबकैयाको पुल निर्माणमा भएको ढिलासुस्तीले सास्ती खेपेका उक्त भेगका बासिन्दालाई आउजाउमा सहज होस् भन्नका लागि पालिकाले लालबकैया नदीमा ह्युमपाइप राखी वैकल्पिक बाटो निर्माण गरेको हो।

उहाँकाअनुसार वैकल्पिक बाटोले सदरमुकाम पुग्न २०/२२ किलो मिटरको घुमाउरो यात्रा गर्नु पर्ने अवस्था टरेको छ। विशेष कामले सदरमुकाम गौर आउन र गौरदेखि लालबकैया पारीको गाउँ जान पर्दा ह्युमपाइपको बाटोले निकै सहज बनाएको बन्जराहाकी किसान जयन्तिमालाले बताउनुभयो। बिगतमा सोही स्थानमा डुङ्गा दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको थियो। त्यसपछि त्यहाँका स्थानीयलाई डुङ्गा चढ्न डर लागिरहेको छ। बरु घुमाउरोबाट प्रयोग गर्ने तर नदीमा पानी हुँदा चल्ने डुङ्गामा चढ्न स्थानीयहरु डराइ रहेका छन्। अहिले वैकल्पिक बाटो निर्माण गरिसकेपछि स्थानीयलाई राहत भएको छ।

रौतहट तराईको सुगम जिल्ला भएपनि समयमा पक्की पुल निर्माण सम्पन्न नहुँदा लालबकैया पारीका बन्जराहा, औरैया, मठियालगायत इशनाथ नगरपालिकाका नागरिक वर्षायाममा जिल्ला सदरमुकाम आउजाउ गर्न तथा सदरमुकाम घर भई बकैया पारी खेतबारी भएका किसान आउजाउ गर्न जोखिमपूर्ण डुङ्गायात्रा गर्नुपर्ने बाध्यता अझै छ। सो समस्या दीर्घकालीनरुपमा अन्त्य गर्न २०७१ असार २९ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले टिकुलिया घाटमा पुलको शिल्यान्यास गर्नु भएको थियो।

पुल निर्माणको जिम्मा पाएको पप्पु कन्स्ट्रक्सन्ले करिब १४ करोड ९२ लाख २७ हजार १५० रुपियाँमा ठेक्का सकार गरेको थियो। २०७४ असार २५ गतेभित्र निर्माण सम्पन्न गरी पुल हस्तान्तरण गर्नु पर्नेमा एक दशक बितिसक्दा पनि सम्पन्न नभएपछि कालो सूचीमा परेको उक्त कन्स्ट्रक्सन निलन्वित भयो र ठेक्का तोडियो। तत्पश्चात आजाद दिपु जेभीले २७ करोड रुपियाँमा ठेक्का सकार गरेर निर्माण सुरु गरेको उक्त पुलको भुक्तानीमा भएको ढिलासुस्तीले पुल निर्माण अघि बढ्न नसकेको डिभिजन सडक कार्यालय रौतहटका इन्जिनियर अशोक यादवले बताउनुभयो।

उहाँका अुनसार बजेट व्यवस्थापनको लागि सम्बन्धित मन्त्रालयमा फाइल पेस भएको छ तर कार्यान्वयन हुन सकेको छैन। पुल निर्माणको काम करिब ५० प्रतिशत मात्र भएको छ।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत गुप्ता भन्नुहुन्छ, "पुल निर्माणमा भएको ढिलासुस्तीले वर्षायाममा यहाँका नागरिक जोखिमपूर्ण डुङ्गा यात्रा गर्न बाध्य छन्। जीर्ण डुङ्गा सञ्चालनले दुर्घटना हुने सम्भावना अधिक छ। हाल बनेको बैकल्पिक बाटोले आवतजावतमा निकै सहज बनाएको छ। समयमा पक्की पुल निर्माण सम्पन्न नहुँदा २०७५ साल भदौ ९ गते सोही स्थानमा भएको डुङ्गा दुर्घटनामा पाँच जनाको मृत्यु भएको थियो।"

# कोभिडका कारण क्रिकेटर बनिन् पुजा महतो

अवसर पाए छोरीले पनि केही गर्नसक्छन् भनि कप्तान पुजा महतो अहिले मधेशमा उदाहरण बन्नु भएको छ। मधेशमा अहिले कतिपय छोरीहरु पुजा महतो बन्न चाहनु भएको छ। महिला अन्डर १९ क्रिकेट टिमले आइसिसी अन्डर-१९ विश्वकपमा खेल्ने सपना साकार पार्नुभएका पुजा महतोको परिवार मात्र होइन सिंगै मधेश अहिले खुशीमा झुमेको छ।

पुजा जितेको खुशीमा उहाँको गृहनगर गाउँ महोत्तरीको गौशालामा दिपावली समेत गरेको थियो। संयुक्त अरब इमिरेट्स (युएई) मा भएको आइसिसी महिला यु-१९ विश्वकप एसिया छनोटको अन्तिम खेलमा नेपालका महिला खेलाडीले घरेलु टिम युएईलाई आठ विकेटले हराएर विश्वकप खेल्ने सपना साकार पारेपछि पुजाको चौतर्फी प्रशंसा भइरहेको छ। पूजाको कप्तानीमा नेपालले कुल छ खेलमा पाँच जित र एक हारसहित कुल दस अंक बनाएको थियो। त्यसैगरी कुवेतसँगको खेलमा कप्तान पुजाले बनाएको रेकर्डबाट समेत गाउँलेले खुशी भएर पटाका पड्काउँदै दिपावली गरेको थियो।

कुवेतसँगको खेलमा पूजाले ६९ बलमा १७ चौकाको सहयोगमा अविजित १३० रन बनाउनुभएको थियो भने बलिङमा अलरान्डर प्रदर्शनसहित पाँच विकेट लिनुभयो। उहाँले चार ओभरमा आठ रन खर्चिएर पाँच विकेट लिनुभएको थियो। नेपाल खेलकुद महासंघ मधेश प्रदेशका सचिव तथा मनरासिश्वा नगरपालिकाका वासिन्दा सत्येन्द्र यादवले पूजाको कप्तानीमा नेपाली महिला क्रिकेट टिमले विश्वकपमा स्थान बनाएकोमा जिल्लाबासीहरुको लागि गर्वको क्षण भएको बताउनुभयो। उहाँले जिल्लाको समेत नाम भएकोले पुजालाई महोत्तरीबासीहरुले सम्मान गर्नुपर्ने बताउनुभयो।

### यसरी भइन् खेलाडी

गरिबीको कारण पुजा महतोको बुबा रञ्जित महतो तीन दशकअघि आफ्नो गाउँ समाज छाडेर भारत पुग्नुभएको थियो। प्रायः उतै बसिरहने रञ्जित बिहे गर्न मात्र महोत्तरी फर्किनु भएको थियो। रञ्जितका तीन जना छोराछोरी छन्। तीनै जना क्रिकेटमा रुची राख्थे। मौका पाउने बित्तिकै उनीहरु खेल्न थाल्थे। दुई वर्षअघि पुजा महतोको भाइ उमेरमा महोत्तरीबाट यू-१५ क्रिकेटको जिल्ला छनोट खेल्न आइपुगेका थिए दिल्लीबाट । पहिलो खेलमा प्लेयर अफ द म्याच बनेका उनी उमेरका कारण यु-१५ को क्रिकेटमा छनौट हुन सकेका थिएन ।

उनी आफू छनौट नभए पनि क्रिकेट टिमसँग आफ्नो दिदीहरुलाई पनि जोड्ने काम गरेका थिए। त्यति बेला नै नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशनकुमार सिंहले पुजाको भाइमा क्रिकेट खेल्नेको सम्भावना देखिसक्नु भएको थियो। आफू छनौट नभएपछि उनले आफ्ना दुई दिदी पनि क्रिकेट खेल्छन् भनेर त्यतिबेला नै उपाध्यक्ष सिंहसँग भनेका थिए।

बाँकी पृष्ठ १२ मा

## फरकमत

# वैवाहिक वरमालाको नाममा व्यपार



सञ्जय मिश्र

तराई मधेशको विवाह शादी त्यतिकै पनि बदनामा थियो र छ पनि। चाहे दहेजका लागि होस् वा स्वयंवरलगायतका कुरा होस्। मधेशको विवाह बदनामा छ तर पछिल्लो समय तराई मधेसमा बरमाला वा स्वयंवर विकृति बन्दै गएकोमा त्यसको बारेमा बहस चलिरहेको छ। बरमाला र स्वयंवर मात्र होइन अहिलेको विवाहमा नयाँ नयाँ संस्कारको जन्म भएको हो। मेहन्दी पनि नयाँ चलनको रुपमा आएको छ जो बडो धुमधामका साथ हुने गरेको छ।

परापूर्वकालदेखि चल्दै आएको बरमाला पछिल्लो समय ठगी गर्ने भाँडो बनाएको आलोचना भइरहेको छ। स्वयं र वर दुई शब्द मिलेर स्वयंवर बनेको छ, यसको अर्थ हुन्छ– कन्याले आफूलाई मन पर्ने वर (पति) स्वयं चुन्नु। प्राचीनकालमा भारतमा यही प्रथा थियो अर्थात् कन्यालाई आफ्नो पति चुन्ने अधिकार थियो। तर अहिले स्वयंवरलाई व्यपार बनाइ सकेको छ। बराती घरमा पुगेपछि अरु स्वागत सत्कार गर्नुभन्दा पहिले स्वयंवर गराइन्छ र विभिन्न कारणहरु देखाउँदै रकम असुल्ने काम सुरु हुन्छ।

स्वयंवरको चलन एउटा हिन्दु परम्परा हो। जसमा कन्या स्वयंले आफ्नो पति (वर) चुन्ने गर्छिन्, माला लगाइ दिएर। यसरी उनीहरूको विवाह हुन्छ। जन्तीको स्वयंवर यस कुराको प्रमाण हो कि वैदिककालमा यो प्रथा समाजका चारवटै वर्णमा प्रचलित थियो। रामायण र महाभारत कालमा पनि यो प्रथा राजन्य (शासक वर्ग) वा उच्च वर्गमा प्रचलित थियो।

राजन्यसँग आबद्ध कन्याले पति चुन्ने काम स्वयंवरमा गर्थिन् तर समाजद्वारा मान्यता प्रदान गर्नका निमित्त कन्यालाई आफ्ना लागि पति छान्ने स्वतन्त्रता थिएन। बुबाको सर्त अनुसार पूर्ण योग्यता प्राप्त व्यक्ति नै चुनिन सकिन्थ्यो। पूर्वमध्यकालमा पनि यही प्रथा प्रचलित रहेको प्रमाण पाइन्छन्, जुन संयोगिताको स्वयंवरमा स्पष्ट देख्न सकिन्छ। पार्वतीद्वारा भगवान् शिवको चयन, सीताको स्वयंवर, द्रौपदीको अर्जुनसँग विवाह आदि यसै परम्पराको उदाहरण हो।

राम र कृष्ण युगमा स्वयंवरका क्रममा वरले सौर्य प्रदर्शन समेत गर्नुपर्थ्यो। जस्तो रामले जनकको दरबारमा भगवान् शंकरको धनुष उठाएपछि सीतालाई र अर्जुनले माछाको आँखामा बाणले भेदन गरेपछि द्रौपदीलाई पाएका थिए। विगत एक दशकयता वरमाला सहरदेखि गाउँसम्म एउटा फेसन बनेको छ। सहरी क्षेत्रमा हुने विवाहमा केटा वा केटी पक्षको माग अनुसार स्वयंवरको स्वरूप वरमालाको आयोजना भएको पाइन्छ। सम्पन्न परिवारका सन्तानको विवाह प्रायः होटेल अथवा पार्टी प्यालेसमा हुन्छन्, त्यहीँ वरमालाको आयोजना हुन्छ। वरमालाको प्रक्रिया पूरा भएपछि बेहुलाबेहुली दुवै पक्षका आफन्तले पालोपालो वरवधूलाई आशीर्वाद दिन्छन्।

वरवधुका साथ तस्विर खिचाउने र अन्त्यमा शुभ साइतस्वरूप आफ्नो गच्छेअनुसार वर-वधुको हातमा नगद दिने प्रचलन पाइन्छ। ग्रामिण भेगका आम मानिसले वरमालालाई खर्चिलो विवाह तथा एउटा देखावटीका रूपमा हेर्ने गरेका थिए। घरबाट हुने बिहेमा छुट्टै व्यवस्था नभए पनि जन्ती बस्ने पण्डाल (मण्डप)मै बेहुला बसिरहेका हुन्छन्। बेहुली आफ्नो साथीहरूको साथमा आउँछिन्, एक-अर्कालाई माला लगाएर वरमालाको विधि पूरा गर्छन्। यहाँ पनि दुवै पक्षका आफन्तहरू पालोपालो बेहुलाबेहुलीलाई आशीर्वाद दिने, तस्बिर खिचाउने र अन्त्यमा बेहुला बेहुलीका साथै बेहुलीका साथीलाई पनि हातमा नगद दिने गरिन्छ। यस क्रममा खास गरेर बेहुलाका साथीहरू निकै हौसिन्छन्, बेहुला बेहुलीका साथमा विभिन्न पोजमा तस्बिर समेत खिचेर उनीहरू रमाउने गर्छन्।

यसरी हुने वरमालाको विधिमा बढीमा ३० देखि ४५ मिनेट लाग्ने गर्छ अर्थात् सहज रूपमा यो विधि पूरा गरिन्छ। वरमालाको यस विधिलाई आम मानिसले सहज रूपमा लिने गरेका छन्। खास गरेर वरमाला शिक्षित तथा सम्पन्न वर्गमा प्रायः देख्न पाइन्थ्यो तर विगत केही वर्षदेखि वरमालाको विधि अब परम्परा, देखावा र फेसन नभएर बिना लगानी हजारौं रुपैयाँ कमाउने एउटा ठगीको जस्तो व्यापार बनेको छ। कतैकतै बेहुलाबेहुली दुवै पक्षका केही टाठा बाठा मिलेर आफन्त, साथी, चिनेका राम्रा भद्र मानिसबाट आशीर्वादको नाउँमा जबरजस्ती हजारौं रुपैयाँ असुली गर्ने माध्यम बनेको छ वरमाला।

नैतिकता नभएका तथा समाजको वास्ता नगरी मात्र नाफाको सोच राख्ने दरिद्र मानसिकताका केही मानिस बेहुलाबेहुली दुवै पक्षका आफन्तको नाम, दुवैका बुबाका साथी, दाजुका साथी, जन्ती गएका भद्र मानिसको पहिल्यैदेखि सूची तयार पारेर राखेका हुन्छन्। वरमालाको विधि सुरु हुँदा बेहुला बेहुलीका बुबा, दाजुभाइहरू तथा नजिकका आफन्त आशीर्वाद दिएर जान्छन्। यही क्रममा सुरु हुन्छ नियोजित व्यापार तथा ठगी धन्दा। वरमालामा सहभागी हुन एक जना टाठाबाठाले माइकबाट सूची अनुसार नाम बोलाउँछन्, पूरै बढाइचढाइ गरेर। नाम तोकेर माइकबाट पटक पटक बोलाएपछि भद्र मान्छे मण्डपमा जान बाध्य हुन्छन् र उनले एकछिन विचार गर्छन्, आफूभन्दा अगाडि गएकाले कति-कति रुपैयाँ बेहुला-बेहुलीका हातमा दिएका थिए, त्यसैअनुसार आफ्नो सामाजिक प्रतिष्ठा अनुसार नचाहेर पनि दिनुपर्ने बाध्यता हुन्छ।

*(लेखक सञ्जय मिश्र रौतहटका पत्रकार हुनुहुन्छ)*



■ किशोर गुरु

# समस्या समाधानको एक मात्र उपाय राजनीति

नेपालमा राजनीति भन्ने बित्तिकै धेरै व्यक्तिको मनमा नकारात्मक विचार उत्पन्न हुन्छ । यसको कारण विगतदेखि अहिलेसम्ममा भएको भ्रष्टाचार, अनैतिक व्यवहार र राजनीतिक अस्थिरताले गर्दा राजनीति र राजनीतिककर्मीप्रति विश्वास घटेर गएका छन् । यद्यपि राजनीति के साँच्चिकै यति खराब छ त ? के यो सुधार्न सकिन्छ र भविष्यको सकारात्मक परिवर्तनका लागि एक शक्तिशाली माध्यम बन्न सक्छ ? यो प्रश्नको उत्तर नकारात्मक छैन । राजनीति यदि सही नेतृत्वर निष्ठावान व्यक्तिद्वारा गरिने हो भने, समाजमा ठूलो परिवर्तन ल्याउन सकिन्छ ।

राजनीति केवल एक पद प्राप्त गर्ने वा व्यक्तिगत फाइदाको लागि गरिने प्रक्रिया होइन । राजनीति एक शक्तिशाली यन्त्र हो जसको माध्यमबाट समाज परिवर्तन र देश निर्माण गर्न सकिन्छ । राजनीति त सधैं भएको छ, हरेक युगमा हुने गरेको छ । जब समाज एवं राज्यको उपत्पति भयो, त्यसै दिनदेखि राजनीति पनि हुँदै आएको हो । मुख्य कुरा राजनीतिमा असल मान्छे जब आयो त्यसले देश बनायो । जनता सन्तुष्ट भए । खराब नेतृत्व आयो त्यसले देश र समाज बिगाड्यो । रामराज्यको कल्पना हामी सबैले गरेका हुन्छौं तर त्यहाँ नेतृत्व पनि त राम जस्ता थिए भन्ने कुरा हामी बिर्सन्छौं । तसर्थ असल नेतृत्वले मात्रै समाजलाई सही मार्गमा डोर्‍याउन सक्छ ।

अहिलेसम्म नेपालमा नेतृत्व गर्नेहरु ठिक नभएर नै समस्याको समाधान नभएको हो । नेपाल बन्न नसकेको हो । हामी भन्न सक्छौं, कुनै नेताले आफ्नो नेतृत्व क्षमताले देशकोस्थिति सुधार्ने काम गरेकाछैनन् । नेताहरु राम्रा पनि भए होलान्, इमान्दार पनि भए होलान्, देश बनाउने कोशिस पनि गरे होलान् तर मुख्य कुरा के हो भने देश बनेन । देश नबन्नुको अर्थ नेताहरुको नियत ठिक भए पनि देशलाई ठिक ढंगले बुझ्न नसक्नु हो । देशको संरचना एवं मनोविज्ञान अनुरुप काम गर्न नसक्नु हो । देशको विविधतालाई व्यवस्थापन गर्न नचाहनु हो ।

हुन त मधेशमा गजेन्द्र नारायण सिंह पहाडमा गोरे बहादुर खपांगी लगायतका केही नेताले जनताका हक, अधिकार र पहिचानका लागिसंघर्ष गरे तर उहाँहरु अनुरुप देश अझै बन्न सकेको छैन । नेपालको संविधान २०७२ निर्माण गर्ने बेलामा मधेशी, जनजाती लगायत पहिचानवादीहरुले अवाज उठाए, संघर्ष गरे तर राज्यले दबाउन हर सम्भव प्रयास गरे । देशको संरचना ठिक नहुनु एउटा समस्या हुँदै हो ।

त्यसबाहेक अहिले राजनीतिमा भएका केही यस्ता नेताहरू छन् जसले व्यक्तिगत स्वार्थका लागि राजनीतिमा सहभागि छन् । तिनका कारण आजको राजनीतिक अस्थिरता, भ्रष्टाचार, छाडातन्त्र र अराजकता जस्तो समस्या बढेको छ । यसबाट स्पष्ट हुन्छ कि राजनीतिमा नेताहरूको गुणस्तर र उद्देश्य महत्वपूर्ण हुन्छन् ।

के हामीसँग नेता नभएका हुन् ? अहिले विकास त छोडौं नेताले न्युनतम आचारसंहिता समेत पालना गरेको पाइदैन् । सबै जसो मेरो गोरुको बाँहै टक्का तथा आफू भलो त जगत भलोमै छन् । असली नेता ती हुन् जसले समाज, एक समूह, संस्था वा देशको नेतृत्व लिन्छ । नीति, विधि, पद्धति, ऐन, नियम, कानुन, विचार अनुसार नेतृत्व गर्ने व्यक्ति मात्र होइन परिवर्तनशिल, सिर्जनशिल, अग्रगामी र क्रान्तिकारी अनि भिजिनरी, मिसनरी र कार्यकारी हुन्छ, नेता । तर नेपालमा अहिलेसम्म नेतृत्व गरेका नेताहरु निष्ठावान, जवाफदेहिता, इमानदारीता, मर्यादित, आध्यात्मिक र शुद्ध आचरण भएको नेता बत्ती बालेर खोज्दा पनि पाइदैन् । के हाम्रो नेतामा यी गुणहरु चाहिदैन् ? पद र कुर्सिका लागि मरिहत्ते गर्ने, जुको टासिएसरि टासिइरहने, दोष जति अरुलाई थोपार्ने, आफू चाहिँ दुधले नुहाएको झैं गर्ने, एक अर्कोलाई हिलो छ्याप्ने चरित्रका नेता धेरै भए ।

यसैले राजनीति कुनै समस्या होइन, यो एक समाधानको माध्यम हो यदि यसलाई सही नेतृत्व र मूल्यका साथ प्रयोग गरियो भने इमानदार र निष्ठावान व्यक्तिहरूले राजनीतिमा राम्रो कार्य गर्न सक्छन् र समाजलाई सही मार्गमा डोर्‍याउन सक्छन् । राजनीतिमा सही नेतृत्वको अभावले गर्दा अहिलेको अवस्थामा अनगिन्ती समस्याहरू जन्मेका छन्, जसको समाधान अझै पनि सम्भव छ यदि हामी सही नेतृत्वमा विश्वास राख्ने हो भने ।

असल र इमान्दारिताको साथ नेतृत्व गर्ने एउटा राजनीतिक व्यक्तिलाई राजनीतिमा सफल हुनका लागि धेरै समय र ऊर्जा खर्च गर्नुपर्छ, जसले गर्दा व्यक्तिगत जीवनमा असर परिरहेको हुन्छ । राजनीतिमा लागेका नेताहरूको परिवार र व्यक्तिगत जीवनमा विभिन्न चुनौतीहरू देखा पर्छन्, खासगरी जब तिनीहरूलाई लगातार जनताको कार्यमा व्यस्त हुने गर्छन् । यसले राजनीतिमा समय दिने व्यक्तिहरूका परिवारलाई तनाव र असन्तोषको सामना समेत गर्नुपरेको हुन्छ । यद्यपि राजनीति कार्य वास्तवमा व्यस्तताले भरिएको हुन्छ । यदि नेताहरू सही व्यवस्थापनका साथ आफ्नो समय र ऊर्जा विभाजन गर्न सक्ने हो भने यस चुनौतीलाई पनि सन्तुलनमा राख्न सकिन्छ । बल्ल सफल नेताको रुपमा आफ्नो व्यक्तिगत र राजनीतिक जीवन बिच सन्तुलन बनाई उदाहरण प्रस्तुत गर्नसक्ने छन् ।

◆◆◆

राजनीति केवल एक पद प्राप्त गर्ने वा व्यक्तिगत फाइदाको लागि गरिने प्रक्रिया होइन । राजनीति एक शक्तिशाली यन्त्र हो जसको माध्यमबाट समाज परिवर्तन र देश निर्माण गर्न सकिन्छ । राजनीति त सधैं भएको छ, हरेक युगमा हुने गरेको छ । जब समाज एवं राज्यको उपत्पति भयो, त्यसै दिनदेखि राजनीति पनि हुँदै आएको हो

◆◆◆

अहिले आएर नेपालको राजनीति एक खर्चिलो प्रक्रिया बनेको छ, भन्ने कुरा कुनै लुकेको होइन । चुनाव प्रचार, पार्टीको व्यवस्थापन र अन्य गतिविधिहरूमा ठूलो रकम खर्च हुन्छ । यद्यपी यो खर्चले कुनै रूपमा पनि राजनीतिमा रहेका समस्याहरूको समाधान खोज्नमा सहयोग पुर्याउँदैन

◆◆◆

राजनीतिमा संलग्न भएएक व्यक्ति देशको नीति निर्माणमा सक्रिय भूमिका खेल्न सक्छ र व्यापक स्तरमा परिवर्तन ल्याउन सक्छ । यसले शैक्षिक, सामाजिक र आर्थिक स्तरमा सुधार ल्याउन मद्दत पुर्याउँछ । त्यसैले, राजनीतिमा संलग्न भएर मानिसले समाजलाई राम्रो बनाउन सक्छ

◆◆◆

सही व्यवस्थापन र समयको तालमेलले एक नेता आफ्नो परिवारको साथ समय बिताउन सक्छ र उनीहरूको भावनात्मक समर्थन पनि प्राप्त गर्न सक्छ । यसका साथै नेताहरूले आफ्नो परिवारलाई राजनीति र समाज सेवाको महत्व बुझाएर, त्यसमा उनीहरूको सहयोग जुटाउन पनि सक्नेछन् । यदि नेताले आफ्नो परिवारलाई यस कार्यको महत्व र उद्देश्य बुझाए भने राजनीतिमा रहेको चुनौतीलाई पार गर्न सकिन्छ र परिवारको समर्थन पनि प्राप्त गर्न सकिन्छ ।

अहिले आएर नेपालको राजनीति एक खर्चिलो प्रक्रिया बनेको छ, भन्ने कुरा कुनै लुकेको होइन । चुनाव प्रचार, पार्टीको व्यवस्थापन र अन्य गतिविधिहरूमा ठूलो रकम खर्च हुन्छ । यद्यपी यो खर्चले कुनै रूपमा पनि राजनीतिमा रहेका समस्याहरूको समाधान खोज्नमा सहयोग पुर्याउँदैन । खास गरि अहिलेको राजनीति व्यावसायिक सोचको आधारमा चलेको अवस्थामा छ । त्यसकारण यसमा हुने खर्च अत्याधिक बढ्ने गरेका छन् । राजनीतिक प्रक्रिया वा निर्वाचन स्वच्छता, पारदर्शितार इमानदारीका साथ कार्य गरिन्छ भने खर्चलाई नियन्त्रणमा राख्न सकिन्छ ।

उदाहरणका लागि यदि नेताहरूले आफ्नो पार्टी र चुनावी खर्चमा पारदर्शिता राख्ने हो भने अनावश्यक खर्च घटाउन सकिन्छ र यसले राजनीतिमा सुधार ल्याउन मद्दत पुर्याउने छन् । राजनितिमा अहिले देखिएको नेताहरु प्रतिको हिन भावनाले राजनीतिमा सम्मान र इज्जत पाउन कठिन कुरा भएको छ । राजनीतिमा सम्मान र इज्जत कुनै उपहारको रूपमा प्राप्त गर्न सकिँदैन । इज्जत भनेको व्यक्तिको व्यवहार र उद्देश्यमा निर्भर गर्छ । यदि तपाईंको उद्देश्य निस्वार्थ र जनहितमा आधारित छ भने जनताले तपाईंलाई सम्मान गर्नेछन् । नेताले जनताको भलोको लागि कार्य गर्ने हो भने, इज्जत आफैं आउने कुरा हो ।

कतिपयले राजनीति समाजसेवाको एकमात्र विकल्प हो भन्ने गर्छन् तर राजनीति समाजसेवाको एकमात्र माध्यम होइन, यद्यपि यसबाट गरिने परिवर्तनको दायरा अन्य कुनै क्षेत्रभन्दा ठूलो र प्रभावकारी हुन्छ । शिक्षा, स्वास्थ्य, पत्रकारिता र उद्यमशीलता जस्ता विभिन्न क्षेत्रहरूको माध्यमबाट पनि समाजसेवा गर्न सकिन्छ । यी सबै क्षेत्रहरूले समाजमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुर्याउँछन्, तर राजनीतिका माध्यमबाट प्राप्त हुने प्रभाव र दायरा फरक हुन्छ ।

राजनीतिमा संलग्न भएएक व्यक्ति देशको नीति निर्माणमा सक्रिय भूमिका खेल्न सक्छ र व्यापक स्तरमा परिवर्तन ल्याउन सक्छ । यसले शैक्षिक, सामाजिक र आर्थिक स्तरमा सुधार ल्याउन मद्दत पुर्याउँछ । त्यसैले, राजनीतिमा संलग्न भएर मानिसले समाजलाई राम्रो बनाउन सक्छ । नेपालको राजनीतिमा इमानदार मान्छेको आवश्यकता छ । राजनीतिमा अनियमितता र भ्रष्टाचारको समस्या निकै गम्भीर भएको छ । यस्ता समस्याले समाजको समृद्धिमा ठूलो अवरोध पुर्याउँछन् र यसलाई सुधार्नका लागि इमानदार व्यक्तिहरूको आवश्यकता अत्यन्तै महत्वपूर्ण छ । यदि हामी इमानदार र निष्ठावान व्यक्तिहरूलाई राजनीतिमा ल्याउँदैनौं भने कसले यो क्षेत्र सुधार्ने प्रश्न खडा गर्नेछन् ?

इमानदार नेता भएपछि भ्रष्टाचारको अन्त्य गर्न र समाजमा सुधार ल्याउनको लागि संघर्ष गर्नेछन् । यसैले राजनीतिमा इमानदार व्यक्तिहरूको समावेश हुनु आवश्यक छ जसको लक्ष्य समाजको भलो र देशलाई समृद्धि बनाउने लक्ष्य हुनेछ । अहिलेको परिवेशमा हाम्रो देशमा सकारात्मक दृष्टिकोणको अत्यन्त आवश्यकता छ । राजनीतिको बारेमा बनाईएको गलत दृष्टिकोण बदल्नु आवश्यक छ । राजनीतिलाई नकारात्मक दृष्टिकोणले मात्रै हेर्ने हो भने यस क्षेत्रको सुधार सम्भव छैन । राजनीतिमा सुधार ल्याउनका लागि सही दृष्टिकोण र सोच आवश्यक हुन्छ । “राजनीति फोहोर छ” भन्ने सोच राखेर टाढा बस्ने होइन । यो फोहोरलाई सफा गर्ने जिम्मेवारी लिनुपर्छ । सकारात्मक दृष्टिकोण राख्नु र यसमा सक्रिय सहभागिता जनाउनु राजनीति सुधारको लागि महत्वपूर्ण कदम हुनेछ ।

अन्त्यमा राजनीति केवल समस्या होइन, समाधानको एक सशक्त माध्यम पनि हो । यदि राजनीति सही उद्देश्य, इमानदारी र दीर्घकालीन सोचका साथ अगाडि बढाइन्छ भने यसले देश र समाजको भविष्य उज्यालो बनाउन सक्छ । हामीले राजनीतिलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने होइन, यसको सकारात्मक पक्ष र परिवर्तन ल्याउने शक्तिलाई बुझेर यसमा सक्रिय सहभागी बन्ने प्रयास गर्नु पर्छ । राजनीति सुधार गर्न र समाजमा सकारात्मक परिवर्तन ल्याउन इमानदार र निष्ठावान व्यक्तिहरूको नेतृत्व आवश्यक छ । हामी एकहोरो लोकतन्त्र मात्रै भन्यौ, लोकतन्त्रमा नेतृत्व कति महत्वपूर्ण हो सो कुरा बारे छलफल गरेनौ । अहिले राष्ट्रिय मुक्ति पार्टी नेपालले नायक र लोकतन्त्र संयुक्त हुन्छ । त्यसैले नेतृत्व पनि महत्वहीन होइन बरु महत्वपूर्ण हो भनेर आफ्नो अवधारणा पत्रमा राखेको छ । त्यसैले अब नेतृत्व बारे पनि छलफल गरौ । सहि नेतृत्व देशलाई भविष्यमा सशक्त र समृद्ध बनाउन मद्दत गर्नेछ ।

*(लेखक किशोर गुरु राष्ट्रि मुक्ति नेपालका नेता हुनुहुन्छ)*

○ अन्तरवार्ता

# मधेशको खानेपानी समस्या समाधानका लागि योजना बनेको छ



■ **प्रदीप यादव**, मन्त्री, खानेपानी मन्त्रालय

नेपालमा पहिला खानेपानी मन्त्रालयको त्यति वास्ता हुँदैन्थ्यो । कसैलाई कही मन्त्रीमा थन्काउनु पर्थ्यो भने खानेपानी मन्त्रालयमा लगेर थन्काइन्थ्यो तर पछिल्लो समय खानेपानी मन्त्रालयप्रति पनि आकर्षण बढेको छ। त्यसको कारण हो देशैभर खानेपानीको हाहाकार । खानेपानीको समस्यालाई लिएर विदेशी दातृ निकायहरुको पनि त्यसप्रति आकर्षण बढेको छ। विश्व नै पानीलाई लिएर चिन्ता गरिरहेको छ। यस अवस्थामा खानेपानी मन्त्रालयको महत्व बढेको छ। अहिले खानेपानी मन्त्री हुनुहुन्छ, जनता समाजवादी पार्टीका उपमहासचिव प्रदीप यादव । जो देशको खानेपानी समस्या समाधानका लागि चारैतिर दौडधुपमा देखिनु हुन्छ। हिमाल, पहाड तथा उपत्यकामा मात्र होइन, पछिल्लो समय तराई मधेशमा पनि पानीको समस्या देखिन थालेको छ। असोजमा आएको बाढीले खानेपानी आयोजनाहरुमा ठूलो क्षति पुर्‍याएको छ। यी लगायत खानेपानीका अन्य समस्याका बारेमा खानेपानी मन्त्री प्रदीप यादवसँग गरिएको कुराकानीको सम्पादी अंशः

**पछिल्लो समय तराई मधेशमा पनि खानेपानीको समस्या देखिएको छ, त्यसका लागि आन्दोलन पनि भए, तपाई पनि कतिपय आन्दोलनमा ऐक्यवद्धता जनाउनुभयो अहिले मन्त्री हुनुभएको छ त्यहाँको समस्या समाधानका लागि के गरिरहनु भएको छ ?**

हो तपाई ठिक प्रश्न उठाउनु भयो। तराई मधेश भन्ने बित्तिकै सबैको मनमा सुगम क्षेत्रको सम्झना आउँछ। तराई मधेशमा कुनै कुराको समस्या छैन। सबै सुखी सम्पन्न नै छन् भनि धेरैको बुझाई रहेको छ। तर मधेशमा देखिएको खानेपानीको जस्तो समस्या हिमाल, पहाडमा पनि छैन। हिमाल, पहाडमा त जताततै झर्ना, खोल्सा तथा सफा पानीका मुहान छन्। अलिकति त्यसलाई व्यवस्थित गर्‍यो भने त्यहाँ पानीको समस्या हुँदैन। मुख्य कुरा स्रोतको हो हिमाल, पहाडमा स्रोतको अभाव छैन। तर मधेशमा पानीको स्रोत नै समाप्त भइरहेका छन। जमिनमुनी पानी नै छैन। तराई मधेसमा कुनै समय ८० फिटमा समेत पानी फालाफाल उपलब्ध थियो। अहिले त्यो चापाकलको पानी सुकेको अवस्था छ। जुन जलवायु परिवर्तन र चुरे दोहनको कारण पानी सुक्दै गएको छ। तराईका जिल्लाहरुमा २५० देखि ३ सय फिटमा पानी छैन। ४ सय फिट मुनी खन्दा मात्रै पानी पाइन्छ। त्यसको लागि बोरिङ गर्नुपर्ने हुन्छ। पुराना खानेपानीका ओभरहेड ट्याङकहरु सञ्चालनमा ल्याउनुपर्छ। यो एकदमै भयावह अवस्था हो। यसको मुख्य कारण चुरे हो। चुरै दोहन भइरहेको छ। पानीको स्रोतहरु मासिदै छन्। त्यसले गर्दा त्यहाँ पानीको हाहाकार देखिएको छ। त्यसको तुलनामा हिमाल, पहाडमा पानीको समस्या म देख्दिन। हिमाल, पहाडमा व्यवस्थित नभएको मात्र हो।

**समस्या समाधानका लागि के पहल भइरहेको छ ?**

मधेशमा खानेपानीको समस्या समाधानका लागि प्रयासहरु भइरहेका छन्। तराई मधेसमा दीर्घकालीन खानेपानी समस्या समाधानको लागि एक घर एक नल परियोजना बनाएका छौँ। त्यो परियोजनाको परिचालन र नियमन ४५ घरपरिवारले गर्ने योजना बनेको छ। यो वर्षको लागि बजेट छैन तर अर्को वर्षको लागि योजना हाल्ने तयारी छ। सुनकोशी ड्राइभर्सन सिंचाईको लागि सरकारले परियोजना लागु गर्यो। धेरै कामहरु सम्पन्न भएको छ। त्यही सिँचाइबाट खानेपानी निकाल्ने र तराईका ६ जिल्लालाई पानी दिने भन्ने सर्वे भएको छ। तराईका जिल्लाहरुमा संघीय सरकारले २८० वटा ओभरहेड खानेपानी ट्याङ्क ३० वर्षअघि बनाएको छ तर जनताले त्यसबाट पानी खान पाइरहेको छैन। म मन्त्री भएपछि मन्त्रालयबाट फाइल अघि बढाएको छु। करिब ३ अर्बको आयोजना छ। तीव्र गतिमा काम भयो भने चार महिनाभित्र काम सक्छौं। यति काम गर्नसक्यो भने तराईमा रहेको खानेपानीको समस्या समाधान हुन्छ।

**असोजको मध्यतिर आएको बाढीले खानेपानीमा पुर्‍याएको क्षतिको बारेमा मन्त्रालयसँग तथ्यांक के छ ?**

-असोजको ११ र १२ गते आएको बाढीले खानेपानी मन्त्रालयको क्षमताले नधान्ने गरी क्षति भएको छ। खानेपानी क्षेत्रमा मात्र करिब ६ अर्ब रुपियाँ भन्दा बढीको क्षति भएको छ। खानेपानी विभाग, उपत्यका खानेपानी लिमिटेड र विभिन्न आयोजना अन्तर्गतका खानेपानी आयोजनामा क्षति पुर्‍याएको छ। यसको बारेमा क्षतिको आँकलन गरेर विपद् व्यवस्थापनमा पठाएका छौँ। प्रधानमन्त्री कार्यालयलाई पनि यसको बारेमा जानकारी गराई सकेका छौं। यसको क्षतिपूर्ती कसरी भर्ने, जनतालाई राहत कसरी दिने बारेमा मन्त्रालयमा छलफहरु भइरहेका छन्।

**तपाई आफै भन्नुभयो कि मन्त्रालयको क्षमताले नभ्याउने गरी क्षति भएको छ त्यसको भए ती संरचनाहरु कसरी बन्छन्, जनताले कसरी राहत पाउछन् त ?**

मैले अघि पनि भनेका थिए कि बढीले खानेपानीको क्षेत्रमा पुर्‍याएको क्षतिलाई मर्मत संभार तथा पुननिर्माण गर्न क्षमत खानेपानी मन्त्रालयसाग छैन। त्यसका लागि स्रोत खोज्ने काम भइरहेको छ। विपद् व्यवस्थापनलाई पनि जानकारी गराइ सकेको छ। प्रधानमन्त्री तथा अर्थमन्त्रीलाई पनि यसको बारेमा जानकारी गराइएको छ। अहिले के कति गर्न सकिन्छ, त्यसका लागि अन्य शीर्षकको बजेट रकामान्तर गरेर भएपनि मर्मत तथा पुर्ननिर्माणका काम अगाडि बढाछौं। क्षति भएका कतिपय आयोजनाको मर्मत गर्ने काम भइरहेका छन्। ठूला ठूला आयोजनाका लागि मात्र ठूलो बजेटको आवश्यकता पर्छ साना साना आयोजनाका लागि मन्त्रालयकै स्रोतबाट मर्मत गर्ने, सञ्चालन गर्ने काममा हामी लागि सकेका छौं। अर्कोतिर स्रोत सुनिश्चितता नभई ठेकेदारहरु काम गर्न तयार छैनन्। उनीहरुले पनि कागज गर्न भनिरहेका छन् उधारोमा काम हुँदैन भन्दै स्रोत सुनिश्चित भएको कागज देखाउनुस् भनिरहेका छन्। त्यसका लागि अर्थ मन्त्रालयसँग समन्वय भइरहेको छ। अर्थ मन्त्रालयले स्रोत सुनिश्चित नगरेर मन्त्रालयको बजेट रकामान्तर गरिदिए पछि काम अगाडि बढ्छ हालसम्म त्यो पनि भएको छैन तर प्रयास जारी छ।

**काठमाडौँ उपत्यकामा छिर्ने बित्तिकै सबभन्दा पहिले पानीको चिन्ता गर्छन्, कोही काठमाडौँ आउन सोचे पनि सबभन्दा पहिले पानीको चिन्ता गर्छन् यो समस्या कहिले समाधान हुन्छ जस्तो लाग्छ तपाईलाई ?**

हो उपत्यका बाहिरका मानिसमा यो एक प्रकारको मनोवैज्ञानिक छ। काठमाडौँमा बस्नका लागि आउँदा सबभन्दा पहिले पानीकै चिन्ता गर्छन्। हामी पनि त्यस्तै गरेका थियौं। तर म आजको दिनमा भन्छु अब त्यो समस्या छैन। पहिला पहिला यस्तो समस्या देखिएको थियो। तर अहिले पानीका पनि विभिन्न विकल्पहरु आइसकेका छन्। सरकारले पनि खानेपानीको व्यवस्था गरेको छ। उपत्यकाको जनसंख्या बढी भयो। पानीका मुहान पनि सुक्दै गएर खानेपानी कम भयो। अर्को जुन नदीबाट पानी आइरहेको थियो। नदीहरू पनि प्रदूषित भए। बस्तीको कारण नदीहरू प्रदूषित भएकाले समस्या छ। भूमिगत खानेपानीको सहारा लिनुपर्ने अवस्था छ। भूमिगत पानीलाई डिपट्यूवेल गर्नु बाहेक अन्य विकल्प छैन। त्यहीबाट पानीको व्यवस्था गर्नुपर्ने अवस्था छ। तर सरकारले कुनै न कुनै स्रोतबाट जनतालाई पानी पुर्‍याउछ। पछिल्लो समय काठमाडौँका जनताले पनि पानीको अभाव महसुस गरेका छैनन्।

**उपत्यकाबासीलाई बाह्रै महिना पानी खुवाउने व्यवस्था कसरी गर्दै हुनुहुन्छ ?**

अहिले उपत्यकामा मेलम्चीको खानेपानी पर्याप्त मात्रामा आइ रहेको छ। त्यहाँका पानी २४ घण्टा नै आयोस् भनि मेरो योजना रहेको छ। त्यसका लागि मैले काम गरिरहेको छु। खानेपानी समस्याको दीर्घकालीन समाधानको लागि १७ करोड लिटर मेलम्चीको पानी दिइरहेको छ। तर त्यो अपुग छ। काठमाडौँ उपत्यकामा ५१ करोड लिटर पानीको माग छ। तर सरकारले १७ करोड लिटर मात्रै दिन सकि रहेको छ। त्यसको लागि सुन्दरीजलमा अर्को ट्रिटमेण्ट प्लान बनाउन गइरहेका छौँ। त्यो करिब ६ अर्बको आयोजना छ। यो आयोजना बन्दा २५ करोड ५० लाख लिटर पानी दिन्छौँ। अहिले १७ करोड लिटर पानी दिइरहेका छौँ। काठमाडौँमा उपत्यकामा अझै २५ करोड ५० लाख लिटर पानीको आवश्यकता छ। त्यसलाई पुरा गर्ने मेरो धोको छ।

**मेलम्चीको खानेपानीले पुग्ने अवस्था छैन र ?**

मेलम्ची खानेपानी आयोजना राष्ट्रिय गौरवको आयोजना हो। यो आयोजना ३० वर्ष पुरानो हो। अहिले आयोजना सम्पन्न भएर पानी पनि काठमाडौँमा आयो। तर २०७८ सालमा मेलम्चीमा ठुलो बाढी पहिरोको विपद् आयो। मेलम्चीको मुहानमा क्षति गर्‍यो। मुख्य हेडबक्समा धेरै क्षति भएन। जुन अध्ययन भएर आयोजना सम्पन्न भएको थियो। त्यो अध्ययन माथि नै प्राकृतिक विपत्तिले चुनौति दियो। प्राकृतिक प्रकोपको अगाडि कसैको केही लाग्दैन। त्यसैले वर्षातको चार महिना मेलम्ची खानेपानीको हेडबक्समा पानी नदिने अवस्था आयो। चार महिना काठमाडौँमा खानेपानीमा समस्या आयो। अहिले नियमित दिइरहेका छौं तर पुग्ने गरी छैन।

**मेलम्चीको विकल्प छ कि छैन सरकारसँग ?**

भूमिगत पानी पनि करिब ४ करोड लिटर आउँछ। तारकेश्वर र शिवपुरीबाट पनि पानी आउँछ। तर भविष्यमा मेलम्चीको पानी सुक्न सक्ने अवस्थालाई ध्यानमा राखेर मेलम्चीमा अहिलेको भन्दा १० किलोमिटर माथि सार्नको लागि टेण्डर गरी अध्ययन थालेका छौँ। त्यो हुँदा काठमाडौँमा मेलम्चीको हिमालको पानी खुवाइ राख्ने योजना छ। २४ घण्टा पानी आइराख्ने बनाउने योजना छ। त्यहाँ पनि भविष्यमा समस्या आयो भने वैकल्पिक व्यवस्था गर्नुपर्छ। त्यसको लागि विभिन्न ठाउँमा पानी पोखरीहरू बनाउने, पानी स्टोर गर्ने  योजना छ। कुलेखानीको ड्याम सिस्नेरीबाट पानी काठमाडौँमा ल्याउने योजना बनाइरहेका छौँ। त्यसको लागि डिपिआर तयारी अवस्थामा छ। करिब ३२ अर्बको परियोजना छ।

# 'आफ्नो कलालाई चिनाउन स



- गम्भरी देवी आफू पढेको लेखेको हुनुहुन्थेन । तर उहाँले आफ्नो गीत आफै लेख्नु हुन्थ्यो । आफैले लेखेको गीत उहाँले आफै गाउनु हुन्थ्यो । कतिपयले यसलाई भगवानको बरदान भन्नुहुन्थ्यो । एउटा निरिक्षर महिलाले उहाँको नृत्य पनि निकै मनमोहक थियो

- उहाँले समाजको परम्परागत सोचसँग लड्दै उहाँ गायिका बन्नुभएको थियो । त्यसबेलाको समाजको परम्परागत सोचको पनि गम्भरी देवीले सामना गर्नुपरेको थियो । महिलालाई घरायसी काममा मात्र सीमित राख्ने र लोकगीत वा नृत्य जस्ता सार्वजनिक गतिविधिमा भाग लिनु हुँदैन भन्ने मान्यता समाजमा थियो

- गम्भरीको वैवाहिक जीवन लामो समय टिक्न सकेन । उहाँको विवाह दसौत गाउँका सन्तरामसँग भएको थियो । केही समयपछि ससुराले नाच्न र गाउन प्रतिबन्ध लगाएपछि उहाँ आफ्नै घरमा बस्न थाल्नु भएको थियो । त्यहाँ पनि उहाँको परिवारका सदस्यले उहाँलाई गीत गाउन निषेध गरेका थिए

- आफ्नो कलालाई चिनाउन समाजका लागि लड्ने महिलाहरूको लागि गम्भरी देवीको जीवन प्रेरणा बन्यो । उहाँले समाजको रूढीवादी सोचलाई चुनौती दिनुभएको थियो । सायद त्यही भएर होला हिमाचल प्रदेशकी पहिलो दलित लोक गायिकाको रूपमा उहाँले आफूलाई दर्ज गराउनुभयो

भारत हिमाचल प्रदेशको एउटा गाउँमा गुन्जिएको लोकगीत अहिले पुरै भारत होइन, आसपासको अरु देशमा त्यसको चर्चा छ । हिमाचल प्रदेशको बिलासपुरस्थित बन्दला गाउँको एक दलित परिवारमा जन्मिनु भएको गम्भरी देवीको लोकगीत आज पनि गाउँघरमा गुञ्जिन्छ । भनिन्छ, गम्भरी देवीले गाएको हरेक लोकगीतमा हिमाचलको आत्मा र गाउँको सुगन्ध पाइन्छ ।

गम्भरी देवी हिमाचल प्रदेशको एक प्रसिद्ध गायिका मात्र होइन नृत्यङ्गना पनि हुनुहुन्थ्यो । जसको स्वर हिमाचलको उपत्यकामा गुन्जिन्छ, र हरेक पहाडको मुटुको धड्कन बनेको छ । गम्भरी देवीको जन्म सन् १९२२ मा हिमाचल प्रदेशको बिलासपुरस्थित बन्दला गाउँको एक दलित परिवारमा भएको थियो ।

**अनपढ गम्भरी**

उहाँको बुवाको नाम गरादितु राम र आमाको नाम शान्ति देवी थियो । उहाँको जन्म दीपावली दिन भएको थियो । गम्भरी असाध्यै सुन्दर हुनुहुन्थ्यो त्यसैले उहाँका बुवाले उहाँलाई अनारको फूलसँग तुलना गर्दै उहाँको नाम गम्भरी राख्नुभयो । स्थानीय भाषामा अनारको फूललाई गाम्भरियां भनिन्छ । गम्भरी चार दाजुभाइमध्ये परिवारकी जेठी छोरी हुनुहुन्थ्यो । उहाँ एक साधारण गाउँको दलित परिवारमा जन्मिएका कारण उहाँको जीवन सुरुदेखि नै संघर्षमय थियो । बाल्यकालदेखि जवानीसम्म गरेको कथा पिडादाय र संघर्षमय छ ।

त्यतिबेला शिक्षाको सुविधा सीमित थियो । केटीहरूलाई घरबाट बाहिर निस्कन दिइरहेको थिएन । त्यतिबेलाको सामाजिक र आर्थिक अवस्थाका कारण गम्भरी विद्यालय जाने अवसरबाट बन्चित रहनुभयो । त्यही कारणले गम्भरी देवीले शिक्षा प्राप्त गर्नसक्नु भएन । तर उहाँले संगीत विरासतमा पाउनु भएको थियो । उहाँ त्यो समाजमा हुर्किनु भएको थियो जहाँ चारैतिर संगीत थियो । उहाँका बुबा गरदितु राम दलित समुदायका हुनुहुन्थ्यो र जसको परम्परागत पेसा पनि संगीतसँग सम्बन्धित नै थियो । उनी गोगा (भजन) गाउने समूहसँगै घर-घर गएर गोगाका गीत तथा भजन गाउने गर्नुहुन्थ्यो । त्यसको प्रभाव गम्भरीमाथि पनि परेको थियो ।

**गम्भरीको नृत्य**

गम्भरी देवीले हिमाचल प्रदेशको लोक संगीतमा धेरै प्रसिद्ध गीतहरूलाई लोकप्रिय बनाउनु भएको थियो । जस्तै 'खाना पीना नन्द लेनी हो गम्भीरिए' गीत निकै लोकप्रिय छ । आज पनि विवाहमा यो गीत बजाइन्छ । 'नाटी' मा उहाँको गायन विशेष चर्चित थियो । नाटी हिमाचल प्रदेशको परम्परागत नृत्य र संगीत विधा हो, जसले प्राकृतिक सौन्दर्य, पहाडी जीवन र स्थानीय चलनहरू चित्रण गरिएका हुन्छन् । गम्भरी देवीको गायनले यो नृत्यलाई अझ लोकप्रिय बनायो ।

त्यसैगरी उहाँले जलान्धरको सैनिक शिविरमा पनि कार्यक्रम गर्नुभएको थियो । त्यतिबेला उहाँको गीत पहिलो पटक भारतको एक रेडियोमा प्रसारण भएको थियो । त्यतिबेला जलन्धरमा नयाँ अल इन्डिया रेडियो खोलिएको थियो । त्यतिबेला सोही रेडियोमा गम्भरी देवीलाई जागिर दिने प्रस्ताव गरिएको थियो । तर गम्भरी देवीले त्यो काम गर्न मान्नुभएन । उहाँले भन्नुभएको थियो, 'म कलाकार हुँ र स्वतन्त्र रूपमा उड्न चाहन्छु ।'

**गम्भरीको गीत लेखन**

गम्भरी देवी आफू पढेको लेखेको हुनुहुन्थेन । तर उहाँले आफ्नो गीत आफै लेख्नु हुन्थ्यो । आफैले लेखेको गीत उहाँले आफै गाउनु हुन्थ्यो । कतिपयले यसलाई भगवानको बरदान भन्नुहुन्थ्यो । एउटा निरिक्षर महिलाले उहाँको नृत्य पनि निकै मनमोहक थियो । जब उहाँ आफ्नो लोकगीत गाउनु हुन्थ्यो अनि त्यहाँ हजारौंको भीड जम्मा हुन्थ्यो । त्यतिबेला न बिजुली थियो, न माइक, न लाउडिस्पीकर । उहाँले माइक बिना नै गीत गाएर आफ्नो स्वर जनतासम्म पुऱ्याउन थाल्नुभयो । उहाँको कार्यक्रम हेर्न मानिसहरु टर्च र झोला लिएर आउने गर्दथे । उहाँको कलामा खुसी भएर त्यसबेला लखुराम जङ्गा र सन्तरामले गम्भरी देवीलाई दश वर्षका लागि १०/१० रुपियाँ पेन्सन दिनु भएको थियो ।

गम्भरी दलित समुदायकी हुनुहुन्थ्यो । ब्राह्मणवादी जातिय व्यवस्था अनुसार दलित समुदायका मानिस कला संस्कृतिको क्षेत्रमा जान नपाउने तथाकथित उच्च जातिको विश्वास छ । यस्तो अवस्थामा उहाँले समाजबाट अपमान र अपमानको सामना गर्नु परेको थियो । उहाँको लागि सार्वजनिक रूपमा गाउन वा नाच्न धेरै गाह्रो थियो, किनभने समाजले उहाँको कामलाई नकारात्मक दृष्टिले हेरेको थियो ।

**साधनको अभाव**

गम्भरी देवीको परिवार आर्थिक रुपमा कमजोर थियो । गरिबीका

# समाजसँग लड्ने गम्भरी देवी

कारण शिक्षा र स्रोतसाधनको अभाव थियो । यस क्षेत्रमा स्रोत र सहयोग नभएकाले संगीत र नृत्य क्षेत्रमा अगाडि बढ्न निकै संघर्ष गर्नुपरेको थियो । आर्थिक अभावका कारण उनीसँग अभ्यास गर्ने राम्रो उपकरण थिएन र संगीतको औपचारिक शिक्षा पनि पाएनन् । यसका बाबजुद पनि उहाँले आफैँले गायन र नृत्य सिक्नुभयो ।

जति अभाव भएपनि उहाँले आफ्नो हिम्मतलाई कहिल्यै कमजोर हुन दिनु भएन । गम्भरीले आफ्नो पहिलो कार्यक्रम सन् १९३५ मा प्रस्तुत गर्नुभएको थियो । त्यतिबेला उहाँलाई बीस रुपियाँ दिएर बोलाइएको थियो । धेरैले खुसी भएर उहाँलाई पैसा दिएका थिए । त्यो दिन उहाँले पहिलो पटक सत्तरी रुपियाँ कमाउनु भएको थियो । त्यसपछि उहाँलाई धेरै ठाउँमा पैसा दिएर बिहेमा बोलाउन थाले ।



**समाजसँग संघर्ष**

उहाँले समाजको परम्परागत सोचसँग लड्दै उहाँ गायिका बन्नुभएको थियो । त्यसबेलाको समाजको परम्परागत सोचको पनि गम्भरी देवीले सामना गर्नुपरेको थियो । महिलालाई घरायसी काममा मात्र सीमित राख्ने र लोकगीत वा नृत्य जस्ता सार्वजनिक गतिविधिमा भाग लिनु हुँदैन भन्ने मान्यता समाजमा थियो । यही सोचका कारण उहाँले पुरुषबाट मात्र होइन महिलाबाट पनि विरोधको सामना गर्नु परेको थियो । त्यतिबेला महिलाले गाउने र नाच्ने काम निन्दनीय मानिन्थ्यो, खासगरी दलित समुदायका भए भने समाजबाट झन विभेदको सामना गर्नु पर्थ्यो ।

तैपनि समाजका यी कुप्रथाहरूलाई अस्वीकार गर्दै उहाँले आफ्नो कलालाई निरन्तरता दिनुभयो । उहाँले आफू १३ वर्षको हुँदा नै बुबालाई गुमाउनु भएको थियो । उहाँको बुवाले गम्भरीलाई साथ दिनु हुन्थ्यो ।



समाजबाट लड्न हौसला दिनुहुन्थ्यो । तर बुबाको साथ छुटेपछि उहाँको नाचगानमा प्रतिबन्ध लाग्न थाल्यो ।

**वैवाहिक जीवन**

गम्भरीको वैवाहिक जीवन लामो समय टिक्न सकेन । उहाँको विवाह दसौत गाउँका सन्तरामसँग भएको थियो । केही समयपछि ससुराले नाच्न र गाउन प्रतिबन्ध लगाएपछि उहाँ आफ्नै घरमा बस्न थाल्नु भएको थियो । त्यहाँ पनि उहाँको परिवारका सदस्यले उहाँलाई गीत गाउन निषेध गरेका थिए । तर उहाँको जीवन नै नाचगानमा थियो । जसले जे भने पनि जे गरे पनि उहाँले गाउन छोड्नु भएन । घरपरिवारबाट लुकाएर गीत प्रस्तुत गर्न जानुहुन्थ्यो ।

पछि उहाँले सन्त रामसँग सम्बन्धविच्छेद नै गर्नुभएको थियो । उहाँले सामना गरेको अर्को चुनौती भनेको उहाँको गायन र नृत्यका लागि स्टेज पाउन गाह्रो थियो । समाजको परम्परागत विचारका कारण उहाँले सार्वजनिक मञ्चमा प्रस्तुति दिन निकै बाधा व्होर्नुपरेको थियो । धेरै पटक उहाँलाई जात र सामाजिक वर्गका कारण र महिला भएकाले कार्यक्रमहरुमा समावेश गराउदैन्थे । तर उहाँको समर्पण र संघर्षले उहाँलाई लोकप्रिय लोक गायिका बनायो र उहाँको स्वर हिमाचलका पहाडहरूमा गुन्जि रहेको छ ।

**जीवन एक प्रेरणा**

आफ्नो कलालाई चिनाउन समाजका लागि लड्ने महिलाहरूको लागि गम्भरी देवीको जीवन प्रेरणा बन्यो । उहाँले समाजको रूढीवादी सोचलाई चुनौती दिनुभएको थियो । सायद त्यही भएर होला हिमाचल प्रदेशकी पहिलो दलित लोक गायिकाको रूपमा उहाँले आफूलाई दर्ज गराउनुभयो । उहाँको सफलताले अन्य महिलाहरूलाई आफ्नो प्रतिभालाई सुधार गर्न र समाजमा आफ्नो स्थान बनाउन प्रेरित गर्यो । आफ्नो कामलाई स्वीकार्य बनाउनु उनीहरूका लागि ठूलो काम थियो । समाजको जातीय र लैङ्गिक पूर्वाग्रहका कारण उहाँले जीवनको हरेक मोडमा लड्नु परेको थियो तर अन्ततः उहाँको लगनशीलता र मिहिनेतका कारण उहाँले समाजमा पहिचान पाउनुभयो । यो उहाँको जीवनको अन्तिम वर्षहरूमा मात्र थियो कि समाजले उहाँको योगदानलाई मान्यता दियो र उहाँले योग्य सम्मान र प्रतिष्ठा प्राप्त गर्नुभयो ।

**पुरस्कार र सम्मान**

सन् २०११ मा उहाँलाई संगीत नाटक अकादमीबाट ट्यागोर अकादमी पुरस्कार प्रदान गरिएको थियो । उहाँ सन् २००१ मा हिमाचल कला अकादमीबाट पनि सम्मानित हुनुभएको थियो । जीवनको ८५ वर्षसम्म उहाँले हरेक रंगमञ्चमा आफ्नो लोकगीत प्रस्तुत गरिरहनु भएको थियो । यही उमेरमा उहाँको स्वास्थ्य बिग्रन थाल्यो र सन् २०१३ जनवरी ८ मा ९१ वर्षको उमेरमा उहाँको निधन भएको थियो । गम्भरी देवी आज हामी माझ नभए पनि आफ्नो लोकगीतका माध्यमबाट भारतको हिमाचलमा मात्र होइन वरपरका छिमेकी देशहरुमा पनि उहाँको चर्चा छ ।

**गम्भरीको प्रेम कहानी**

आठ वर्षको उमेरदेखि नै गाउन सुरु गर्नुभएको गम्भरी १२ वर्षको उमेरमा उहाँ स्टेजमा प्रस्तुति दिन थाल्नु भएको थियो । कार्यक्रमहरु हुँदा उहाँको बुवाले उहाँलाई साथमा लैजानुहुन्थ्यो । बिहेदेखि जागरणसम्म



गम्भरीले नाचगान देखाएर सबैलाई मोहित पार्नुभएको थियो । तर १३ वर्षको उमेरमा गम्भीरलाई ठूलो झट्का लाग्यो र बुबाको छाया उहाँले गुमाउनु भयो । बुबाको निधनपछि गम्भरीको बिहे बिलासपुरको जुखलामा दसौद निवासी सन्तसँग भएको थियो ।

विवाहपछि गम्भरी 'डिप्रेसन' मा जानुभयो । एकातिर बुबाको निधनले एक्लोपन महसुस गर्नु भएको थियो भने अर्कोतिर ससुरालमा गीत नाचप्रति प्रतिबन्ध थियो । त्यसले गर्दा गम्भरीलाई निकै तनाव हुन थालेको थियो । एक दिन बिलासपुरको नलवाड मेलामा गम्भरी प्रस्तुति दिन आउँदा उहाँको भेट त्यहीका पिस्तु पहलवानसँग भयो । मेलामा दुबैले एक अर्कालाई हेरि रहे । यहीँबाट पिस्तु पहलवान गम्भरीको जीवनमा प्रवेश गर्नुभएको थियो ।

भनिन्छ, पिस्तु गम्भरीको दुखी जीवनमा वसन्तको गीत बनेर आउनु भएको थियो । त्यसैले होला सायद पिस्तुलाई गम्भरीले बसन्त भन्नुहुन्थ्यो । वसन्तलाई पाएर गम्भरी निकै खुशी हुनुहुन्थ्यो । पिस्तु जहाँ जहाँ कुस्ती खेल्न जानुहुन्थ्यो, गम्भरी त्यहाँ त्यहाँ पुग्नु हुन्थ्यो । गम्भरी पिस्तुको मायामा परेर आफ्नो श्रीमान सन्तलाई छोड्नु भएको थियो । त्यसै पनि नाचगानलाई लिएर सन्तसँग कुरा मिलिरहेको थएन । सन्तसँग आफ्नो पेसालाई लिएर गम्भरी खुशी हुनुहुन्थने ।

पिस्तुको प्रेममा परेर गम्भरी निकै खुशी हुनुहुन्थ्यो । उहाँको पेसामा कहीबाट कुनै दख्खल वा रोकटोक थिएन । गम्भरी सन्तलाई छाडेर बन्दलामा बस्न थाल्नुभएको थियो । सन्तलाई छाडेर पिस्तुसँग हिड्न थालेपछि त्यतिबेला दुवै जनाको निकै आलोचना भएको थियो । तर पिस्तु अर्थात बसन्त र गम्भरीले ती कुराहरुको कहिले वास्ता गर्नुभएन । आफ्नो जीवन जिउन थाल्नुभयो । वसन्त गम्भरीको प्रेममा यस्तो पागल हुनुभयो कि गम्भरीको कार्यक्रममा जानका लागि उहाँले ढोलक बजाउन पनि सिक्नु भयो । र, गम्भरीको प्रोग्राम जहाँ जहाँ हुन्थ्यो बसन्त पनि त्यहाँ ढोलकीयाको हैसियतले जानु हुन्थ्यो ।

गम्भरी नाच्ने गरी बसन्त ढोलक बजाउनु हुन्थ्यो । दुवै जनाको खुब सुर ताल मिलेको थियो, वास्तविक जीवनमा पनि र व्यवसायिक जीवनमा पनि । गम्भरीको कार्यक्रम हेर्न हजारौंको भीड लाग्ने गर्थ्यो । यस्तो अवस्था देखेर गम्भरीका अन्य सहकर्मीलाई बसन्तप्रति इर्ष्या लाग्न थाले । गम्भरीले बसन्तबाहेक अरु कसैसँग मतलब राख्दैन्थे । एक दिन कुस्तीपछि रातिको कार्यक्रममा गम्भरी नाच्दै गर्दा बसन्त पनि नाच्न थाल्नु भएको थियो । त्यसपछि गम्भरी टिमका कतिपयले वसन्तको विरोध गर्न थालेका थिए । त्यसरी विरोध हुँदा दुवै जना सो टिम नै छाडेर निस्किनु भएको थियो । यसरी निस्केपछि उहाँहरु त्यो टिमको सम्पर्कमा कहिले जानुभएन ।

भनिन्छ, बसन्त उच्च जातका र गम्भरी तल्लो जातका हुनुहुन्थ्यो । त्यही भएर उहाँ दुवै जनाको प्रेमलाई सहज रुपमा स्विकार गरिरहेको थिएन । गम्भरीले बाल्यकालदेखि सन् १९६२ सम्म गायन तथा नृत्य क्षेत्रमा रहनु भयो । त्यसपछि गम्भरी र बसन्तले कुनै कार्यक्रम गर्नुभएन । पच्चीस वर्षसम्म उहाँहरु गुमनाम जीवन बिताउनुभयो । । सन् १९८८ तिर गम्भीरले फेरि गम्भीर कार्यक्रम गर्न थाल्नु भएको थियो । यस अवधिमा उहाँले गीत लेख्ने, गाउने र नृत्य गर्नुहुन्थ्यो । उनीमाथि लेखिएको 'खाना पीना नन्द लेनी हो गम्भीरिए' गीत निकै चर्चित छ र आज पनि विवाहमा बजाइन्छ । यस बाहेक अरु धेरै गीतहरु छन् । सन् २००१ मा उनलाई हिमाचल कला अकादमीले पुरस्कृत गरेको थियो । त्यसै क्रममा नेशनल ड्रामा एकेडेमीले उनलाई २०११-१२ को लागि ट्यागोर अवार्डबाट सम्मान गरेको थियो । गम्भरीको संघर्षमय जीवन र लोकगीतको कारण आज पनि उहाँ अमर हुनुहुन्छ ।

## समाचार

# मिसन ८४ मा अनिल झा, जनकपुरमा यसरी भए सक्रिय

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता एवं पूर्वमन्त्री अनिलकुमार झा एकाएक धनुषामा सक्रियता देखाउनु भएको छ । २०७९ को चुनावमा धनुषा-३ बाट चुनाव हार्नभएका उहाँ पछिल्लो समय सो क्षेत्रमा सक्रिय हुनुभएको छ ।

चुनाव हारेपछि आफ्नो क्षेत्रमा मात्र होइन, आफ्नो पार्टी लोसपा नेपालमा पनि निस्कृय हुनुएको थियो । पार्टी कार्यालय जना पनि छाडि सक्नु भएको थियो । छुट्टै पार्टी बनाउने भनि उहाँले मधेशको पूर्वपश्चि यात्रा पनि गर्नुभयो तर उहाँलाई मधेशमा केही हात नलागेपछि पुनः लोसपा नेपालमा नै फर्किनु भएको छ र उहाँले पार्टीदेखि क्षेत्रसम्म सक्रिय हुनुभएको छ ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले आफ्नो तरिकाले केन्द्रीय समितिहरु गठन गर्न थालेपछि राजेन्द्र महतो र अनिल झा एकैपटक सो पार्टीबाट बिद्रोह गर्नुभएको थियो । बिद्रोह गरेर राजेन्द्र महतोले राष्ट्रिय मुक्ति क्रान्ति गठन गरेर मधेशको राजनीतिमा सक्रिय हुनुभयो भने अनिल झा पनि छुट्टै पार्टी बनाउने भनि पूर्व पश्चिम मधेश यात्रा गर्नुभएको थियो । मधेशका पुराना नेताहरुले साथ नदिएपछि उहाँ पुनः लोसपामा फर्किनु भएको हो ।

उहाँ २०७९ को आम निर्वाचनमा नेपाली कांग्रेस सहितको गठबन्धनबाट प्रतिनिधीसभा सदस्यको उम्मेदवार बनेर धनुषा-३ बाट चुनाव लड्नु भएको थियो । उहाँ एमालेका नेतृ जुली महतोबाट चुनाव हार्नुभएको हो । यसअघि सोही क्षेत्रबाट राजेन्द्र महतो विमलेन्द्र निधिलाई हराएर राजेन्द्र महतो जित्नु भएको थियो । महतोले जितेको कारण आफू पनि जितिन्छ भनेर अनिल झा त्यहाँ जानु भएको थियो । यसमा राजेन्द्र महतोको पनि सल्लाह थियो । जसपा नेपालसँगको गठबन्धनमा एमालेका जुली महतोले ३३ हजार ३८८ मत ल्याउँदा कांग्रेससंगको गठबन्धनका लोसपा नेपालका उम्मेदवार अनिल झा २३ हजार ६८६ मत ल्याउनु भएको थियो ।

यसअघि २०७४ को आम निर्वाचनमा यस क्षेत्रबाट तत्कालिन राजपाका उम्मेदवार राजेन्द्र महतो निर्वाचित भएकाले २०७९ मा यो क्षेत्र लोसपाको भागमा परेको र महतो सर्लाहीबाट चुनाव लडेको झा निर्वाचित रौतहटको उहाँको क्षेत्र माधव नेपालले आफनो हिस्सामा पारेपछि नेता झा यस क्षेत्रबाट चुनाव लड्नु भएको थियो । लोसपा नेपालका धनुषा अध्यक्ष जिवेन्द्र झा, हँसपुरका पूर्व मेयर तथा लोसपा नेपालका नेता रामज्ञान मण्डल सहितलाई लिएर नेता झा क्षेत्रका विभिन्न ठाँउमा मतदाताहरुलाई भेटि रहनु भएको छ ।

# सरकार जोगाउन जनमत पार्टीलाई धौधौ

जनमत पार्टीका शीर्ष नेताहरुको अभिव्यक्ति र समाजिक सञ्जालमा पोष्ट गरेको विचार हेर्दा सो पार्टीले नेतृत्व गरेको सरकार पार्टी दुवै संकटमा रहेको बुझ्न सकिन्छ । जनमत पार्टीले मधेश प्रदेशको सरकार नेतृत्व गरेको छ । तर पछिल्लो समय सरकारको काम कारवाहीप्रति त्यहाँका सत्ताधारी दलका नेताहरुले असन्तुष्टि जनाएपछि सरकार नै संकटमा परेको हो कि चर्चा सुरु भएको छ । मधेश सरकार जनमत पार्टीले एकलौटी चलाइ रहेको गुनासो सताधारी दलका नेताहरुले गरिरहेका छन् ।

यहाँसम्म कि जनमत पार्टीले अरु दलको मन्त्रालयमा पनि हस्तक्षेप गरेको कारण त्यसको गुनासो केन्द्रसम्म आइपुगेको जनमत पार्टीकै एक नेताले बताउनुभयो । पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने प्रक्राउ परेपछि जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले दिएको अभिव्यक्तिलाई लिएर पनि मधेश सरकारको आयुमाथि प्रश्न खडा भएको छ ।

तर जनमत पार्टीका उपाध्यक्ष एवं मधेश प्रदेशका सांसद ई.वसन्त कुशवाहाले मधेश प्रदेश सरकार परिवर्तनको हल्ला फिजाएर सरकार, कर्मचारी र मधेशी जनतालाई भ्रमित गर्न खोजेको दावी गर्नुभयो ।

प्रदेश सरकारले ल्याएको ७५ भन्दा बढ़ी गौरवका योजनाहरु कार्यान्वयन हुने समयमा मधेश विरोधीहरुले बाधा अवरोध पुर्याउने काम गरेको बताउँदै उहाँले जनमत पार्टी नेतृत्वको मधेश सरकार पुरै अवधि रहने दावी गर्नुभयो ।

यसअघि बसेको सत्तारुढ दलको बैठकमा जनमत पार्टीका अध्यक्ष राउत सहभागी भएको फोटो सार्वजनिक गर्दै उपाध्यक्ष कुशवाहाले सीके राउतको सहभागिताका साथ सत्तारूढ दलको बैठक सम्पन्न भएकाले जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेश सरकार जारी रहने छ, यसमा कुनै भ्रम नराख्न अपिल गर्नुभएको छ ।

पछिल्लो समय जनमत पार्टीका अध्यक्ष राउतले सरकारकै विरुद्धमा दिएको अभिव्यक्तिले बालुवाटारमा चर्चा सुरु भएको छ । संसद होस् वा बाहिर अध्यक्ष राउतले केन्द्रीय सरकारको बेफाइदा हुनेखालको अभिव्यक्ति दिँदै आउनु भएको छ । जसले गर्दा मधेश प्रदेश सरकारको विकल्प बारे सोच्न प्रधानमन्त्री केपी शर्मा ओली र काँग्रेसका सभापति शेरबहादुर देउवा लगभग सकारात्मक देखिएको स्रोतहरुले दावी गरेका छन् ।

यता, पछिल्लो समय नेता तथा कार्यकर्ताले जनमत पार्टी छाड्न थालेपछि पार्टीका उपाध्यक्ष एवं अनुशासन विभागका प्रमुख ई.दीपक साहले पार्टी नछाड्न अपिल गर्नुभएको छ । उहाँले नवआगन्तुक केही नटवरलाल, नारदमुनी, घुसपेठियाको कारणले पार्टी नछाड्न अपिल गर्दै भन्नुभयो, 'जनमत पार्टी तपाई हाम्रो रगत पसिनाले बनाएको पार्टी हो ।' पार्टीलाई मजबुत बनाउन नेतृत्वलाई साथ दिएर जनताको बृहत्तर हितमा काम गर्ने उल्लेख गर्दै उहाँले अनुशासित भई पार्टीभित्र संघर्ष गर्न पनि आग्रह गर्नुभएको छ ।

# नारायणी अस्पतालको 'क्याथ ल्याब मेसिन' बन्यो उपयोगविहीन




वीरगञ्ज । 'क्याथ ल्याब मेसिन' जडान गर्ने स्थानका अभावमा नारायणी अस्पताल वीरगञ्जमा उपकरण थन्किएको छ । मुटुको शल्यक्रिया लगायतका उपचारमा प्रयोग हुन सो महत्वपूर्ण उपकरण सञ्चालनमा नल्याइदा बिरामीलाई अन्यत्र रिफर गर्नुपरेको जनाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक निजी आपूर्ति कम्पनी मार्फत २०७६ चैत मा चार करोड ९२ लाख १० हजार मूल्य पर्ने क्याथ ल्याब मेसिन अस्पताललाई आपूर्ति गरेको थियो । तर अस्पताल प्रशासनले भने मेसिन राख्ने भवनको अभाव देखाउँदै हालसम्म पनि सो मेसिन जडान हुन सकेको छैन । नारायणी अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट (मेसु) डा. चुमनलाल दासले सघन सहरी तथा भवन निर्माण कार्यालयले गत २०७८ सालदेखि क्याथ ल्याब राख्ने भवन निर्माण गर्दै आइरहेको बताए । ''कार्यालयले आगामी पुस महिनाभित्रै क्याथ ल्याब राख्ने भवन निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने कुरा गरिरहेको छ,'' उनले भने, ''क्याथ ल्याब मेसिन धेरै समय अघि अस्पतालमा आइसकेको छ । भवन तयार हुनेबित्तिकै जडान गर्ने प्रक्रिया अघि बढाउनेछौं ।''

मेसु दासले क्याथ ल्याब जडानसँगै प्राविधिक जनशक्ति तयार पारेर यस वर्षभित्रै ल्याथ ल्याब सञ्चालन गर्ने दावी गरे । रासस







**आँप/ केरा पकाउन कार्बाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं ।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९







# सलमान खानको प्रेमिकामाथि आक्रमण





बलिउडका सुपरस्टार सलमान खानकी पूर्व प्रेमिका तथा पूर्व अभिनेत्री सोमी अलीमाथि हमला भएको छ। अली व्यावसायिक जीवन र खुलेर बोल्ने बानीका कारण प्रायः चर्चामा रहन्छिन् । यस पटक भने उनी चोटका कारण हेडलाइनमा छिन् । मानव बेचबिखनमा परेकी एक महिलालाई बचाउने क्रममा आफ्नो हात भाँचिएको र धेरै चोट लागेको उनले बताएकी छिन् ।

अभिनेत्री तथा सामाजिक अभियन्ता अलीले हालै मानव बेचबिखनमा परेकी पीडितलाई बचाउन खोज्दा आफूमाथि आक्रमण भएको र घाइते भएको खुलासा गरेकी छिन् । महिलालाई बचाउने क्रममा तस्करहरूले आफ्नो हात बटारिदिएको र यसका कारण हात फ्र्याक्चर भएको उनले बताइन् । 'म धेरै पीडामा छु अनि ओछ्यानमा सुतिरहेको छ ।' भन्दै उनले पोस्ट गरेकी छिन् ।

आफूलाई निको हुन ६ देखि ८ हप्ता लाग्ने पनि उनले बताएकी छिन् । घटनाबारे खुलासा गर्दै सोमीले भनिन्, 'प्रहरीसँग मिलेर म पीडितलाई बचाउने प्रयास गर्छु । पीडितलाई घरबाट बाहिर निकाल्दासम्म मलाई आफ्नै कारबाट बाहिर निस्कने अनुमति हुन्न ।' यस पटक पीडितलाई बचाउन आफू कारबाट निस्किएको र यसै क्रममा आफूमाथि हमला भएको उनले बताइन् ।

'अचानक तस्करहरू आए, एकजनाले मेरो बायाँ हात समातेर यसरी घुमाए कि म पीडाले चिच्याउन थालेँ ।' यस क्रममा हात फ्रयाक्चर भएको उनको भनाई छ । आफू निकै पीडामा भएको पनि उनले बताइन् । चोटका कारण बायाँ हात सुन्निएको, हात हल्लाउन पनि नसकेको र केही हप्ता यसैगरी प्लाष्टर लगाएर बस्नु पर्ने उनी बताएको कुरा भारतीय सञ्चारमध्यमहरुले उल्लेख गरेका छन् ।

# फातिमालाई छारे रोग !

आमिर खानको फिल्म दंगलबाट चर्चामा आएकी अभिनेत्री फातिमा सना शेखलाई छारे रोग लागेको छ । फिल्मको सुटिङका क्रममा आफू बेला बेलामा अचेत हुने गरेको र यसको कारण छारे रोग भएको थाहा पाएको हालै अभिनेत्रीले भनेकी थिइन् । सार्वजनिक कार्यक्रममा छारे रोगले च्यापेर बेहोस वा अचेत हुने हो कि भनेर अभिनेत्रीले त्यस्ता कार्यक्रम जानै छाडिदिएकी थिइन् । तर विस्तारै उनले यो रोगसँग लडिन् । अहिले उनी खुलेर यसबारे कुरा गरिरहेकी छिन् ।

फिल्म फेयरलाई दिएको अन्तरवार्तामा फातिमाले भनिन्, 'दंगलको सुटिङका क्रममा मलाई छारेर रोग लागेको थाहा भयो । शुरुमा त न्यूरोलोजिकल डीसअर्डर भएको कुरा स्वीकार गर्न म तयारै थिइनँ । त्यसैले मैले कुनै औषधि खाइनँ ।' 'मलाई डर थियो कि मानिसहरूको सामु नै म अचेत भए भने के गर्ने ? छारे रोगलाई धेरैले कलंक ठान्छन् । केही गरी म सार्वजनिक कार्यक्रममा अचेल भएको भए मानिसहरूलाई या त म ड्रग्स लिन्छु वा लाइमलाइटमा रहन यस्तो गरे वा मलाई भूत-प्रेत लाग्यो भन्ने लाग्न सक्थ्यो र टाढिनु पर्छ भन्ने सोच्छन्' उनले भनिन् ।

भारतीय सञ्चारमाध्यमका अनुसार अधिकांश मानिसहरूलाई छारे रोगबारे थाहा छैन । यसको उपचार कसरी गर्ने भन्नेबारे ज्ञान पनि कम भएको उनी बताउँछिन् । आफूले समयमा औषधी नखाने गरेकोले आफूलाई धेरै च्याप्ने गरेको पनि उनले बताइन् ।




## वडा कार्यालयको अपिल

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

# पिडादायी उखुको गुलियो कथा



उखु किसानले दुख पाएको थुप्रै कथाहरु तपाई हामीले सुनेका छौं बुझेका छौ र अनुभव पनि गरेका छौं। तर यसको गुलियो कथा पनि छन् जसलाई हामी नजर अन्दोज गर्दै आएका छौं। उखु किसानलाई भुक्तानीको समस्या छ। मूल्यको समस्या छ। यी समस्यका कारण धेरै किसान विस्थापित भएको कथा पनि हामी सामु छ। तर यसमा टिकेका छन् त्यसको जीवन उखुको रस जस्तै गुलियो भएको छ। त्यस्ता थुप्रै मात्र हामी पाउनछौं। उखु खेतीबाट किसान मात्र होइन, त्यससँग सम्बन्धित व्यक्ति र उद्योगी व्यपारी पनि मालामाल भएका छन्।

उखुको किसानका कथा व्यथा, सुखदुखको कुरा हामी तपाई धेरैले सुनेका छौं तर जो उखु किसान छैनन् तर उखुसँग विशेष लगाव राखेका हुन्छन्। त्यसको बारेमा हामी चर्चा गर्न गइरहेका छौं। सर्लाहीको बरहथवा नगरपालिका-८, का जिवस मण्डल सख्खर व्यापारबाट सख्खरजस्तै गुलियो आम्दानी गरिरहनु भएको छ। उमेरले ६५ वर्ष पार गरिसक्नुभएका उहाँले आठ वर्षदेखि घर नजिकै उखु पेलेर सख्खर बनाउने क्रसर (कोल) सञ्चालन गरिरहनु भएको छ। खेती किसानी मुख्य पेसा भए पनि मौसमी पेसाको रुपमा क्रसर चलाउने गरेको उहाँ बताउनुहुन्छ। तीनदेखि चार महिनाको बीचमा हुने यस पेसाबाट वर्षेनी सख्खर बेचेर पाँचदेखि सात लाख रुपियाँसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ छ। "कोल चलाएको आठ वर्ष भयो, यसकै आम्दानीले घर व्यवहार गर्न र केही रकम बचत गर्न सकेको छु" उहाँले भन्नुभयो।

**उद्योग नचल्नुको फाइदा**

विषेशगरी कात्तिक अन्तिम हप्ताबाट सुरु गरेर फागुन/चैतसम्म उहाँ कोल चलाउने गर्नुहुन्छ। दैनिक ५० क्विन्टलसम्म उखु क्रसिङ गर्ने मण्डलले पाँच सय केजीभन्दा बढी नै सख्खर बनाएर बजार पठाउने गर्नुहुन्छ। उहाँले उत्पादन गर्नु भएको सख्खर ६० देखि १२० सम्ममा व्यापारीहरूले लैजाने गरेका छन्। उहाँले भन्नुभयो, "राम्रो सख्खरको धेरै मूल्य आउँछ। अलि फोहोर भयो भने, मूल्य कम आउँछ।"

मूल्य लगायतको लफडाले चिनी मिल सञ्चालन समयमा नहुँदा त्यसको फाइदा मण्डल जस्ता व्यक्तिहरुलाई हुने गरेको हुन्छ। किसानले मिलका लागि उखु काटेर राखेका हुन्छन्। तर मिलले समयमा खरिद नगरेपछि किसानले बाध्य भएर कोल अर्थात क्रसरबालको हातबाट बेचेका हुन्छन्। जिल्लामा रहेका चिनी उद्योगहरू ढिला चल्ने हुँदा उखु हटाएर अन्य बाली लगाउने किसानलाई उखु काट्न हतारो हुने गर्दछ। अन्य मकै, गहुँ, तोरी, आलुलगायतको बाली लगाउन समयमै उखु बेच्नु पर्ने किसानहरूलाई चिनी उद्योग ढिलो चल्दा समस्या हुने गरेको छ। उहाँ तिनै किसानहरूको उखु खरिद गरिदिनुहुन्छ र सख्खर बनाएर बिक्री गर्नुहुन्छ। स्थानीय किसानहरु पनि चिनी उद्योगहरुले समयमै खरिद नगरिदिए पनि मण्डललाई बिक्री गरेर सानातिनो गर्जो टार्न सकेको बताउँछन्। यस वर्ष पनि मण्डलले प्रतिक्विन्टल ४५० रुपियाँमा उखु खरिद गरेको बताउनुभयो। उद्योगले केही बढी मूल्य दिए पनि ढुवानी, खर्च, वर्षौंसम्म पैसा पाउन समस्या रहेकाले कोलमा उखु दिँदा सजिलो भएको बरहथवा-८ का उखु किसान रामजनम राय बताउनुहुन्छ।

**अग्रिम भुक्तानीले सजिलो**

मण्डल भन्नुहुन्छ, "मलाई उखु किसानको समस्या राम्ररी थाहा छ, किसानहरूलाई सात/आठ दिनमै भुक्तानी गरिदिन्छु। यसले पनि किसानहरु आफैँ बोकेर उखु ल्याइदिन्छन्।" कतिपय किसानलाई त आफूले उखु लिनु भन्दा पहिला नै खेती, लगाउन बिउ मल किन्न, घरखर्च टार्न पैसा दिने गरेको उहाँ बताउनुहुन्छ। मण्डलले क्रसरमा अन्य पाँच जनालाई काम समेत दिनुभएको छ। उनीहरुको पनि तीनदेखि चार महिनाको रोजीरोटी यसैबाट टरेको छ।

मण्डलको जस्तै जिल्लामा झण्डै ५० वटाको हाराहारीमा सख्खर बनाउने कोल क्रसर सञ्चालनमा रहेका छन्। कोल क्रसरले मात्र वर्षेनी अढाई लाख क्विन्टल बढी उखु क्रसिङ गर्ने गर्दछन्। यस पेसामा २५० जना बढी कामदारको रुपमा कार्यरत छन्। सर्लाहीबाट मात्र दुई हजार पाँच सय केजी हाराहारीमा सख्खर उत्पादन हुने गरेको छ। यहाँ उत्पादन भएका सख्खर छिमेकी जिल्लामा मात्र नभई काठमाडौँ, चितवन, बिराटनगरलगायतका शहरहरुमा पनि पुग्ने गरेको स्थानीय व्यापारी दिनेश महतोले बताउनुहुन्छ।

**भारतीय सख्खरको दबदबा**

भारतीय बजारबाट चोरी तस्करी भएर आउने सख्खरका कारण स्थानीय उत्पादनकर्ता मारमा पर्ने गरेको मण्डलले गुनासो छ। "भारत सरकारको किसानलाई ठूलो मात्रामा अनुदान दिने भएका कारण लागत कम छ" उहाँले भन्नुभयो, "कालोबजारीबाट किनेको मलखाद र बिउबिजनबाट उत्पादन भएको बालीले कसरी प्रतिस्पर्धा गर्नु ? हाम्रोमा लागत धेरै छ।"भारतबाट आउने सख्खरमा गुणस्तर समेत नभएको उहाँको दाबी छ। यसले गर्दा नेपाली उपभोक्ता ठगिन बाध्य भएको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'यसबारेमा अधिकांश उपभोक्तालाई थाहा हुँदैन। केही सस्तोमा पाइयो भन्छन् तर पछि पछुताउनु पर्ने हुन्छ।" भारतको सिमावर्ती क्षेत्रबाट खुल्लमखुल्ला ट्रकका ट्रक भित्रिने गुणस्तरहीन सख्खर नियन्त्रण नगरेसम्म स्थानीय उत्पादनले बजार पाउन नसक्ने र उपभोक्ता पनि ठगिने अवस्था रहने उहाँको भनाइ छ।

सरकारले उखुको न्यूनतम् मूल्य निर्धारण गर्नुअघि नै चिनी उद्योगहरुले धमाधम किसानहरुसँग उखु खरिद गर्न थालेका छन्। जिल्लामा रहेका तीन वटा चिनी उद्योगले सञ्चालनको तयारी गर्दैगर्दा क्रसिङ सुरु गरेका छन्। लामो समय किसानको उखुको भुक्तानी नदिएर विवादग्रस्त बनेको जिल्लाको धन्कौल अन्नपूर्ण चिनी उद्योगले किसानसँग उखु खरिद गर्न शुरु गरेको छ। उखु खरिद गरेको भुक्तानी नदिने र किसानलाई दुख दिने छवि बनेको अन्नपूर्ण यतिबेला नयाँ उद्योगीबाट सञ्चालनमा आएसँगै किसानको भरोसा बटुल्न लागिपरेको स्थानीय किसानहरु बताउँछन्। यसवर्ष भने मङ्सिरको पहिलो हप्ताबाटै क्रसिङ गरेर उद्योगले किसानको भरोसा बटुल्ने प्रयास गरेको हो। अब किसानहरूसँग राम्रो समन्वय गरेर क्रसिङ शुरु गरेको गुप्ताले भन्नुभयो,."किसानको पुरानो बक्यौता रकम भुक्तान भइसकेको छ।" उद्योगले यस वर्ष १८ लाख क्विन्टल हाराहारीमा उखु क्रसिङ गर्ने लक्ष्य राखेको उद्योगका प्रबन्धक पवनकुमार सिंहको भनाइ छ।

**चिनी उद्योगको तयारी**

विसं २०७९ मा नयाँ उद्योगीको निकै पहल पछि केही किसानले पुरानो भुक्तानी पाए। त्यसपछि उद्योग सञ्चालन भएको थियो। क्रसिङ सिजनको अन्तिममा सञ्चालनको प्रयास गरेको उद्योगले उपकरणमा आएको खराबीका कारण लगभग ६८ हजार क्विन्टल मात्र क्रसिङ गरेको थियो। अझै उद्योगलाई पूर्ण भरोसा गरेर उखु दिन नसकेको स्थानीय उखु किसानहरूले बताएका छन्। जिल्लाको धन्कौल गाउँपालिका-३, निवासी विन्देश्वर महतोले थोरै मात्रामा उखु दिएको बताउनुभयो। "मैले उखु रोप्नै छोडिसकेको छु।" उहाँले भन्नुभयो, "थोरै खेतमा लगाएको उखु फेरि गाउँकै उद्योगलाई दिएको छु। बढीमा १५ दिनमा भुक्तानी दिने उद्योगीले बचन दिनुभएको छ।" उद्योगमा प्रत्यक्ष जोडिएका स्थानीयले पहिलो चरणमा उखु दिएका छन्।

यस क्षेत्रमा उत्पादन भएको उखु हरिवनको इन्दुशङ्कर चिनी उद्योग हरिवन, गोडैता नगरपालिकामा रहेको महालक्ष्मी चिनी उद्योग बगदहमा दिने गरेको महतोले बताउनुभयो। जिल्लाका अन्य उद्योगले अहिले कटानी भएको उखुको चिनी राम्रो नपर्ने भन्दै उद्योग सञ्चालनमा ढिलाई गरिरहँदा अन्नपूर्णले भने किसानको मन जित्न समय अगावै उद्योग सञ्चालनमा ल्याएको हो। यस वर्ष उद्योगले कम्तीमा १५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको उखु प्रबन्धक दिनेश अग्रहरीले जानकारी दिनुभयो। उद्योगी तथा व्यवस्थापन पक्षले खेतमै पुगेर किसानहरूलाई उखु दिन आग्रह गरिरहेका अर्का उखु किसान बृजेन्द्र रायले बताउनुभयो।

यस्तै गोडैता नगरपालिकास्थित बगदहमा रहेको महालक्ष्मी चिनी उद्योगले यस वर्षको क्रसिङ शुरु गरेको जनाएको छ। केही दिनदेखि उखु सङ्कलन गरेर उद्योग सञ्चालन गरिएको सिंहले जानकारी दिनुभयो। उद्योगले वर्षको केही भुक्तानी बाँकी राखेको र त्यो समेत एक/दुई सातामा भुक्तानी गरिने समेत उहाँको भनाइ छ। गत वर्ष यस उद्योगले १२ लाख ३७ हजार तीन सय क्विन्टल उखु क्रसिङ गरेको थियो। जिल्लाको अर्को चिनी उद्योग इन्दुशङ्करले पनि मङ्सिरको अन्तिम साताबाट क्रसिङ शुरु गर्ने जनाएको छ। देशमै व्यवस्थित मानिने जिल्लाको हरिवनमा रहेको इन्दुशङ्कर चिनी उद्योगले यस सिजनको लागि क्रसिङ तयारी अवस्थामा रहेको उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले बताउनुभयो। उद्योगले यसवर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने जनाएको छ। यस उद्योगले अघिल्लो वर्ष २१ लाख ४८ हजार ६ सय ११ क्विन्टल उखु क्रसिङ गरेको थियो।

उखुको अनुदान बापतको रकम भुक्तानीमा ढिलाइ भएका कारण जिल्लाको उद्योगहरू सञ्चालन हुन नसक्दा अन्य जिल्लाका उद्योगहरूले ठूलो परिमाणमा सर्लाहीको उखु लगेकाले यहाँका चिनी उद्योगहरूले पर्याप्त उखु नपाएको बताएका थिए। देशमै धेरै उखु खेती हुने सर्लाहीमा वर्षेनी ७० देखि ८० लाख क्विन्टल सम्म उखु उत्पादन हुने गरेको तथ्याङ्क छ।

**समर्थन मूल्य अन्योलमै**

सरकारले यस सिजनको लागि उखुको समर्थन मूल्य तय नगर्दा किसान र उद्योगी दुवै अन्योलमा परेका छन्। उखु काटेर बेच्न लैजान समय घर्किँदै गर्दा पनि अझै निर्णय नभएको उखु किसानहरूको गुनासो छ। "पहिला नै समर्थन मूल्य तय गर्ने व्यवस्था भए आफूलाई फाइदा भए उखु लगाउने नभए नलगाउने गर्न पाउँथ्यौं, नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले भन्नुभयो। यता उखु उद्योगहरूले भने तत्काललाई गत वर्ष सरकारले तोकेको समर्थन मूल्य भुक्तानी गरेर उखु खरीद गर्ने तयारी गरेका छन्। पछि सरकारले तय गरेको समर्थन मूल्य दिने गरी अहिलेलाई अघिल्लो वर्षको मूल्यमा खरिद गर्ने व्यवस्था गरिएको महालक्ष्मी चिनी उद्योगले जनाएको छ। तर, किसानहरू भने सरकारले पछि थपेको बाँकी रकम नपाउने चिन्तामा छन्। अघिल्लोपटक प्रतिक्विन्टल रु पाँच सय ६५ रुपैयाँ तोकिएको थियो।

*स्रोतः रासस*

## उखु रस बेच्ने पञ्चलाल बिर्से विदेश

पाँच वर्षसम्म वैदेशिक रोजगारमा रहेर त्यहाँको कमाईले केही गर्न नसक्नु भएका धनुषा मिथिला-१ ढल्केबरका ३० वर्षीय पञ्चलाल साहले अहिले विदेशको पिडालाई सम्झन पनि चाहनु भएको छैन। उहाँको अहिले उखुको रस बेचेर रमाइ रहनु भएको छ र अनन्तकालसम्म त्यसैमा रमाउन चाहनु भएको छैन। कसैको मुखबाट उहाँले वैदेशिक रोजगारीको कुरा पनि सुन्न चाहनु भएको छैन।

यसअघि गरिबीले थिचेर जीविकोपार्जनका लागि कतार र सउदी अरेबियामा पाँच वर्ष बिताउँदा ऋणको भार लिएर फर्केको साहको पिडा छ। 'घरको दुःख टार्न भनेर ऋण गरेर गए, दलालको चक्कर रहेछ, भनेको काम नपाएर ऋण बोकेर रुँदै घर फर्कें,' उहाँले भन्नुभयो, 'स्वदेश फर्केर दुई लाख रुपियाँमा उखु पेल्ने मोटर किनेर काम थालें, अहिले परिवारको खर्च गर्न कुनै दुःख छैन।'

उहाँ अहिले उखुको रस (जुस) बेचेर मासिक ४० हजार आम्दानी गर्दै आइरहेका छन्। महोत्तरीको बर्दिबास चोकमा बिहानैदेखि साँझसम्म उखु पेलेर रस बेच्ने काम गर्दै आउनु भएका उहाँलाई थप आम्दानी गर्नका लागि विदेश जानु नपर्ने अवस्था रहेको छ। उहाँ भन्नुहुन्छ, 'हामीले कुरा नबुझी भौतारिन्छौं, काम गर्न सके स्वदेशमा आन्दानीका प्रशस्त स्रोत छन्,' उखुको रस बेच्दै साहले भन्नुभयो, 'आफ्नै ठाउँमा परिवारको साथमा काम गर्न र जीविकोपार्जन गर्न सकिन्छ। अवसर खोजी गरेर मेहनत गर्नुपर्छ, आम्दानीका स्रोत जति पनि भेटिन्छन्।'

पछिल्ला तीन वर्षदेखि बर्दिबासलाई आफ्नो बजार बनाउँदै आउनु भएका साहले उखुको रस बेचेको कमाइले परिवारको गुजारा चलाउनुका साथै यसअघि विदेश जाँदाको चार लाख रुपियाँ ऋण पनि तिरिसकेको बताउनुभयो। 'महिनामा ४० हजार रुपैयाँ कमाइ हुन्छ, किन जानु खाडी ?,' उहाँले भन्नुभयो, 'मैले अहिले विदेश जाने कुरा सोच्नै छाडें विदेश बारेमा सोच्दा पिडा मात्र हुन्छ।'

यहाँको कामले पुरानो ऋण तिरेर घरगुजारा चलाउँदै छरछिमेकमा पर्दा दुई/चार सय सरसापट चलाउन सक्ने भएको साहले बताउनुभयो। 'मेरो छ जनाको परिवारलाई दैनिकी चलाउन, छोराछोरी पढाउन अहिले कुनै समस्या छैन,' उहाँले भन्नुभयो, 'मैले आफ्ना दुई जना छोराछोरीलाई बर्दिबासमा राखेर पढाइ रहेको छु।'

साह जस्तै ईश्वरपुर नगरपालिकाको श्रीनगरका २० वर्षीय विक्कीकुमार साहले पनि उखुको जुस बेच्ने काम गर्दै आएका छन्। खोजखाज गरेर राहदानी बनाएका विक्कीले विदेश जाने ऋण नपाएपछि सानो पूँजीले दुई वर्षअघि उखु पेलेर जुस बेच्न थालेको बताउनुभयो। अहिले यसबाट कमाइ हुन थालेपछि छुटेको पढाइलाई निरन्तरता दिनुका साथै घर खर्चमा सहयोग गर्न थालेको उहाँले बताउनुभयो।

'दैनिक एक हजार रुपियाँ भन्दा बढी आम्दानी हुन्छ, अहिले १२ कक्षाको पढाइलाई निरन्तरता दिन थालेको छु। अब ऋण काढेर विदेश जाने सोच छैन,' विक्कीले पनि भन्नुभयो। बर्दिबास चोकमा मात्रै यही पेसा गरिरहेका छ/सात जना भेटिन्छन्। सबैजसोले दैनिक काम गर्दा मनग्ये आम्दानी भइरहेको प्रतिक्रिया दिने गरेका छन्।

महोत्तरी, सर्लाही र धनुषामा उखुखेती बढी हुने भएकाले यहाँ कच्चापदार्थ (उखु) खोज्न भौतारिनु नपर्ने र रस नगदमा जाने हुँदा उधारो करोबार नहुने विक्कीको भनाइ छ। मोटर गुडाउँदै उखु पेलेर रस बेच्ने काम गरिरहेकाहरूसँग किसान पनि खुसी छन्। यिनीहरूले चिनीमिलको भन्दा केही बढी मूल्यमा तत्कालै नगद दिएर उखु लाने हुँदा दैनिक गर्जो टार्न नगद आइरहेको बर्दिबास-२ का किसान क्षेत्रबहादुर भुजेलले बताउनुभयो।

बजारचोकमा उखुको जुस खाने बाक्लै आगन्तुक हुन्छन्। आफ्नै आँखा अगाडि पेलेर ताजा जुस दिने भएकाले उपभोक्ताको रोजाइमा परेको हो। 'पसलमा राखिएका विभिन्न थरिका जुसभन्दा यो स्वस्थ्यकर र तत्काल ऊर्जा दिने हुन्छ,' स्थानीय स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झाले भन्नुभयो। स्वदेशमा अवसर खोज्ने हो भने विदेश जानुपर्ने बाध्यता अन्त्य हुने झाको भनाइ छ। साना व्यावसायिलाई स्थानीय सरकारले जीविकोपार्जनमूलक सीप विकास, आर्थिक तथा प्राविधिक सहयोग गरी युवालाई विदेश जानबाट रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कृषक पाना

# कृषिमा लागेपछि विदेशप्रतिको मोह भङ्ग

वैदेशिक रोजगारीका क्रममा मलेसियामा तीन-तीन वर्ष गरि ६ वर्ष बिताएपछि गाउँ फर्किएका बाराको कोल्हवी नगरपालिका-१ बटौलियाका देवानन्द प्रसाद चौधरीलाई तेस्रो पटक विदेश जान मन लागेन । त्यसपछि उहाँले आफ्नै खेतमा खेती गर्ने सोच बनाउनुभयो ।

मलेसियाबाट फर्केपछि गाउँमा रहेको २ विघा जग्गामाध्ये १० कठ्ठामा पोखरी खनेर माछा पालन शुरु गरे भने बाँकीमा धान, मकै र गहुँ खेती सुरु गरे । अहिले उहाँको खेतमा चैते धानदेखि मकै फलिरहेका छन् भने पोखरीमा माछा खेलिरहेका छन् । गत वर्ष धान, मकै बेचेर ४ लाख रुपैयाँ आम्दानी गरेका उहाँले यो वर्षपनि धान खेती गर्नुभएको छ । घर फर्केर आफ्नै खेतको माटोमा पसिना बगाउन थालेपछि भने उहाँको जीवनमा हरियाली छाउन थालेको चौधरी बताउनु हुन्छ । अहिले जीवनको उत्तरार्धमा व्यावसायिक धान र मकै तथा माछा पालनले प्रशस्त आम्दानी भइरहेको उहाँले बताउनुभयो ।

पछिल्लो समय खाडीमुलुकबाट गाउँ फर्केर व्यावसायिक कृषिमा लागेर मनग्य आम्दानी पनि गर्दै आएका थुप्रै रहेका चौधरी बताउनु हुन्छ । खेतीबाटै खर्च चल्न थालेपछि विगतमा जस्तो विदेश जान नपरेको उहाँको भनाइ छ । तथापी कतिपय दुख नबुझेर र साथिमाइको लहैलहैमा विदेशिनेहरु पनि रहेको बताउनु हुन्छ । ‘पहिला विदेशको भूत चढ्यो, विदेश गए पछि के के न गरिएलाजस्तो लाग्यो र ऋणधन गरेर विदेश गएँ । विदेशमा बस्नुपर्ने बाध्यता र रहरजस्तो भनि भयो । तर त्यति दुख गर्दा त स्वदेशमै राम्रो कमाइ हुनेरहेछ भन्ने थाहा पाउन लामो समय लाग्यो’ चौधरीले भन्नुभयो । खेतीपातीको आम्दानीबाट चौधरीले एक छोरीलाई ब्याच्लरर्ससम्म पढाएर विवाह सम्पन्न गरिसकेका छन् भने छोराले सिटिइभिटीबाट भरखरै सिएमए पास गरेका छन् । चौधरी भन्नुहुन्छ, ‘छोरा र छोरीको पढाइदेखि छोरीको विवाह पनि खेतीको आम्दानीबाटै गरेको हुँ । मासिक तलब पो नदेखिएला तर अधिकृतको तलबभन्दा बढि आम्दानी मेहनत गर्ने हरेक किसानले कमाउँछ ।’

माछापालनबाट पनि राम्रै आम्दानी भएको बताउँदै वर्षमा तीन पटकसम्म माछा बेचिने र तीन लाखजति आम्दानी हुने पनि उहाँले बताउनुभयो । माछा पालन पनि चौधरीको थप आम्दानीको स्रोत बनेको छ । साना किसान कृषि सहकारी संस्था डुमरवाना केन्द्र बाराको कोल्हवी शाखाका सदस्यसमेत रहेका चौधरीले ३ लाख रुपैयाँ ऋण लिएर तीन वटा गाइ पालनसमेत गर्नुभएको छ । जसबाट पनि उनले राम्रो आम्दानी भइरहेको बताउनुभयो ।

‘कृषि सहकारीबाट तीन लाख रुपैयाँ लिएर ३ वटा गाइ पालन गरेको छु । दुधबाट मासिक ५० हजार रुपैयाँ आम्दानी भइरहेको छ । ऋण पनि तिरेर सकिन लाग्यो । मिहिनेत गर्दा नहुने के छ र ? विहान बेलुकीको समय गाइलाई दिन्छु’ उहाँले भन्नुभयो ।

चौधरीले पनि कृषि ज्ञान केन्द्रमार्फत उपलब्ध अनुदानमार्फत बोरिङ हालेका छन् भने मलखाद, बीउबीजन, औषधी पनि पाएको बताउनुभयो । राज्यले दिएको अनुदान सुविधा किसानको लागि साह्रै उपलब्धीमूलक रहेको उनको भनाइ छ । ‘५०-६० हजार रुपैयाँ लागत पर्ने बोरिङ १५ हजारमा हाल्न पाइयो जसले गर्दा अहिले चैते धानखेती गर्न तथा अन्य कामका लागि सहज भइरहेको छ’ चौधरी भन्नुहुन्छ- ‘धानको बीउ, मल, औषधी, कृषिजन्य औजारहरु त राज्यले अनुदानमा दिएको छ राम्रो पनि छ तर समयमा उपलब्ध भयो भने त्यसको प्रयोग गर्न पाई किसानले लाभ लिन सक्नेछन् ।’

‘विदेशमा अर्काको काम गर्नुभन्दा स्वदेशमै आफ्नै खेती वा उद्यम गर्नु उपयुक्त छ’ उहाँले भन्नुभयो, ‘त्यहाँ गर्ने मेहेनत आफ्नै ठाउँमा गरेमा विदेशको जस्तै कमाइ यहीँ गर्न सक्छौँ ।’ सरकारले कृषिमा लागि व्यावसायिक तालिम, बजार व्यवस्थापन तथा स्वदेशमै खेती गर्ने युवा किसानलाई सहुलियत ब्याजमा ऋण उपलब्ध गराए लगानी नहुनेले पुँजी अभामै विदेशिनुपर्ने अवस्थाको अन्त्य हुने उहाँ बताउनु हुन्छ ।

‘अलि व्यावसायिक खेती गर्न लगानी नहुँदा बैंकबाट ऋण लिनुपर्छ, त्यसमा ब्याजदर चर्को हुनाले समस्या हुने गरेको छ’, चौधरीले भन्नुभयो, ‘कम ब्याजमा ऋण पाइएमा युवा लगानी गरेर स्वदेशमै रोजगारीसँग जोडिन सक्थे ।’ धान, गहुँबालीको उत्पादन बढाउन कृषकले ५० प्रतिशत अनुदानमा बीउ पाउँदै आएका छन् । विशेष गरि चैते धानको उन्नत जातको बीउले कृषकमो उत्पादन बढेको किसानहरुको भनाइ छ ।

जिल्ला ज्ञान केन्द्रका अनुसार पछिल्लो दुई/तीन वर्षयता चैते धान उत्पादन गर्ने किसानको संख्या बढ्दै गएको छ । सिँचाइका सुविधा पर्याप्त भएको र सिमसार क्षेत्रका किसानले चैते धानलाई प्राथमिकता दिन थालेका छन् । चैते धान खेतीको क्षेत्र विस्तार भएसँगै उत्पादन पनि बढ्न थालेको छ । वर्षे धानको तुलनामा धेरै फल्ने, रोग र किरा कम लाग्ने भएकाले किसानले चैते धान बालीलाई प्राथमिकता दिन थालेको ज्ञान केन्द्रको बुझाइ छ । धान ब्लक कार्यक्रममा कृषि ज्ञान केन्द्रले सिँचाइ सुविधाका साथै कृषिमा यान्त्रिकीकरणका लागि अन्य उपकरणमा अनुदान प्रदान गर्दै आएको छ ।

# फूल मेला सम्पन्न


ललितपुरको जावलाखेल मैदानमा चलेको १७ औं गोदावरी पुष्प मेला सम्पन्न भएको छ । चारदिनदेखि चलेको मेलामा ४३ हजार ६ सयले अवलोकन गर्दा १ करोड १८ लाखको कारोबार भएको फ्लोरिकल्चर एशोसिएसन नेपालले जनाएको छ । एसोसिएसन आयोजनामा कार्तिक ८ गतेदेखि सुरू भएको मेलामा पहिलो दिन ६ हजार ९ सय जनाले अवलोकन गर्दा २५ लाखको कारोबार भएको थियो । दोस्रो दिन ९ हजार ८ सय जनाले अवलोकन गर्दा २५ लाख रुपैयाँ बराबरको कारोबार भएको र तेस्रो दिन १५ हजार ९ सय जनाले अवलोकन गर्दा ५० लाखको कारोबार भएको थियो र चौथो दिन ११ हजारले अवलोकन गर्दा २८ लाखको कारोबार भएको आयोजकले जनाएको छ ।

चार दिनसम्म चल्ने मेलामा ४० हजार बढीले प्रत्यक्ष अवलोकन तथा एक करोडभन्दा बढीको व्यवसायीक कारोबार हुने आयोजकको प्रक्षेपण भएपनि लक्ष्यभन्दा बढी कारोबार र अवलोकनकर्ताको भएको मेला संयोजक रामबहादुर तामाङले बताउनुभयो । पुष्प व्यवसाय प्रवर्धनका सम्वन्धमा समय अनुकूल पुष्पको जातिय विकास एवं गुणस्तरिय उत्पादनमा सहयोग पुऱ्याउनका लागि प्रदर्शनी आयोजना गरिएको हो । मेला अवधिभर अवलोकनकर्ताले सबैभन्दा बढी बहु वर्षे फुल्ने फूलप्रति बढी आकर्षण भएको देखिएको र त्यही बढी मात्रामा खरिद भएको फ्लोरीकल्चर एसोसिएसन नेपालका निवर्तमान अध्यक्ष मिनबहादुर तामाङले बताउनुभयो । इन हाउस ग्रीन प्लान्टको पनि विक्रि राम्रै देखिएको उनले बताए । मेलाको अवलोकनका लागि विभिन्न अनुसन्धानकर्ता, कलेज तथा स्कुलका बालबालिकाहरू आएका थिए । चार दिने मेलामा व्यवसायिक स्टल ६८, प्रतियोगितात्मक स्टल २, अफिसियल स्टल ४ र फोटो पारखीरुका लागि सेल्फी स्टल १ गरि जम्मा ७५ वटा प्रर्दशनी कक्षहरु रहेका थिए । विगत वर्षमा झैं यस वर्ष पनि गोदावरी फूलको ४ वटा विधा (मिनियचर, रिफ्लेक्स, स्पाईडर र ईनकर्भ) मा प्रतिस्पर्धा गराएको थियो ।

नेपालमा वि.सं. २०११ बाट सामान्य स्तरमा सुरू भएको पुष्प व्यवसाय, शहरीकरणको विकास तथा विस्तारसँगै सातै प्रदेशका मुख्य शहरहरू लगायतका अन्य क्षेत्रमा समेत फैलदो अवस्थामा रहेको छ ।

दिवा तथा रात्री सेवा

आरामदायी यात्राका लागि सम्झनु होस्



एञ्जल A/C हाएस

बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौंसम्म

सम्पर्क

काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५

सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००

कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं ।

साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गुर्नुहुन समेत अनुरोध गर्दछौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

वैदेशिक रोजगार बोर्डको सेवाहरु

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान हुने सेवाहरू श्रम स्वीकृति लिई वेदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय वमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ ।**

१. कामदार विदेश वा नेपालमा समेत विरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रूपैयाँसम्म आर्थिक सहायता ।

२. कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एकपटकका लागि ५० हजार रूपैयाँसम्मऔषधी उपचार सहयोग ।

३. विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागिकानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता ।

४. महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिमबापत तिर्नंपर्न शुल्क सोधभर्ना ।

५. विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलवाट इच्छाइएको सडक पुगेको स्थलसम्म नि:शुल्क शव छढुवानी सेवा ।

६. मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधिपछि मृत्यु भएको भए २५ हजार रूपैयाँ आर्थिक सहायता प्रदान । पूर्ण आर्थिक सहायता प्रास गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।

७. विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउनेलगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरू ।

८. विदेशमा रहँदा स्वास्थ्य सम्बन्धी कुनै पनि समस्या भए टेलिमेडिसिन सेवाको ईमो, भाईवर, हाटसएप नम्बरमा नेपालको कार्यालय समयमा सम्पर्क गरी विशेषज्ञ डाक्टरद्वारा परामर्श तथा ओषधी प्रेषण गर्ने व्यवस्था छ ।

**उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार वोर्डको सचिवालयमा भौतिक रूपमा वा विभिन्न माध्यमवाट सम्पर्क गर्न सकिनेछ ।**

**सम्पर्क विवरण**:
http://shramadhan.moless.gov.np;
facebook.com/shramadhan2 youtube.com/@shramadhan;
instagram.com/shramadhan2; x.com/shramadhan2
**इमेल**: info@feb.gov.np; welfare@feb.gov.np; shramadhan@feb.gov.np
**श्रमाधान कल सेन्टरको पैसा नलागने नम्बर**: ११४१; सशुल्क नम्बर: ०१-५९७०००८
**फोन/इमो/भाईबर/हाट्सएप/बोटिम**: +९७७-९८५१३४७२२२
**टेलिमेडिसिन सेवाको नम्बर**: ९८५१३४५७०१ वा ९८५१३४५७०२

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

## समाचार/विविध

### ओली आउँदा...

एमालेका अध्यक्ष ओली नै प्रधानमन्त्री भएपछि नेपाल-भारत बिच सम्बन्ध बिग्रेको देखिन्छ त्यस्तो किन भनि जिज्ञासामा पूर्व राजदुत तथा विदेश मामिलाका जानकार विजयकान्त कर्ण भन्नुहुन्छ, ‘ ओली आफूलाई राष्ट्र्वादी देखाउने चक्करमा यी सब घटना भइरहेका छन् । यदि कुनै कुरामा विवाद छ भने दुवै देश मिलेर त्यसलाई समाधान गर्नुपर्छ तर ओलीले नेपाली जनतामाझ तथाकथित राष्ट्र्वादी देखाउन यी सबै गतिविधि गरिरहनु भएको छ ।’ भारतको जति विरोध गरियो, त्यति नै राष्ट्र्वादी कहलाइन्छ भने महेन्द्रवादी सोचका साथ ओली अगाडि बढी रहेको पूर्व राजदुत कर्णको आरोप छ ।

राजा महेन्द्र पनि ओली जस्तै गर्नुहुन्थ्यो । उहाँले पनि भारतको विरोध र टिप्पणी गरेर राष्ट्र्वादी बन्नुभएको थियो । ओली पनि त्यही बाटोमा हुनुहुन्छ । दुई देशको विवाद हल्ला गरेर वा चर्को भाषण गरेर समाधान हुँदैन, त्यसका लागि संवाद नै मुख्य बाटो हो, यदि समाधान नगर्ने हो भने युद्ध गर्ने हो त भन्दै उहाँले बरु राष्ट्र्वादी भन्नुभन्दा पनि संवादका लागि दबाव दिनुपर्ने बताउनुभयो ।

### कोभिडका कारण...

सिंहको नम्बर लिएर उनी दिल्ली फर्केका थिए । दिल्ली पुगेर आफ्ना दिदीहरूले खेलेको भिडियो सिंहलाई पठाए । उपाध्यक्ष सिंह उनीहरूको खेल देखेर निकै प्रभावित हुनुभएको थियो । पूजा महतो र उनकी कान्छी बहिनी आरतीलाई नेपालमा झिकाउने निर्णय लिनु भएको थियो ।

पुजा र आरती नेपाल आएर क्रिकेट टिम ज्वाइन गर्नुभयो । आरतीलाई पुजाको जस्तो खेलमा रुची थिएन । पुजा मधेश प्रदेश क्रिकेट टिमको उपकप्तान समेत हुनुभयो । र, खेललाई निरन्तरता दिएपछि आज मधेशकै पहिचान बन्न उहाँ सफल हुनुभयो । पुजा महतोको बुबा आर्थिक अबस्थाका कारण सानै उमेरमा भारत पस्नु भएको थियो । भारतमा घर चलाउने कमाइ भइरहेको थियो तर छोराछोरीका लागि अतिरिक्त खर्च गर्ने कमाइ भने उहाँको थिएन । क्रिकेटमा रुची राखेको कारण त्यहाँ प्रशिक्षण दिने ठाउँमा उहाँले आफ्नो छोरालाई भर्ना गराउनु भएको थियो । आरती पनि स्कूलमा क्रिकेट खेल्नुहुन्थ्यो । तर व्यवसायिक रुपमा खेल्ने जस्तो उहाँको रुची थिएन । पुजा महतो आफ्नो भाइलाई पुर्‍याउनका लागि जानु हुन्थ्यो । जाने आउने क्रममा उहाँको रुची पनि क्रिकेटमा परेको थियो तर खेल्न पाइरहेको थिएन ।

एक दिन त्यहाँका प्रशिक्षकले नै पुजालाई पनि क्रिकेट खेल्न हौसाउनु भएको थियो । तर फि तिरेर क्रिकेट खेल्ने क्षमता पुजासँग थिएन । त्यतिबेला कोभिड चलिरहेको थियो । पुजा मोटाइ सक्नु भएको थियो । मोटाएको कारण उहाँका बुवाले क्रिकेट खेल अनि ज्यान घट्छ भनि बेलाबेला भनिरहनु हुन्थ्यो । तर कहाँ खेल्ने भनि उहाँले ठाउँ पाइरहनु भएको थिएन । एक दिन प्रशिक्षक जो पुजाको भाइलाई प्रशिक्षण दिइरहनु भएको थियो उहाँले पुजाको बुबालाई पनि पुजालाई क्रिकेट खेलाउन सुझाव दिनुभएको थियो । तर उहाँको बुबाले पनि आफूले तीनटै छोराछोरीको खर्च ब्यहोर्न सक्दिन् भनि जवाफ दिनुभएको थियो ।

त्यसपछि प्रशिक्षकले पुजामा क्रिकेटको सम्भावना देखेपछि उहाँलाई निशुल्क प्रशिक्षण दिने भन्नुभएको थियो । त्यसपछि मात्र् ुजा क्रिकेटको प्रशिक्षण लिन थाल्नु भएको थियो । त्यही प्रशिक्षणका कारण आज नेपालमा पुजाको नाम तारा जस्तो चम्किएको छ ।

### सिके राउतलाई...

तर उहाँले एक ठाउँमा पनि पार्टीले गरेको वाचा पुरा नगरेको कारण जनता निराश भएर पार्टी छाडेको कुरा उहाँले स्विकार गर्नुभएको छैन । चुनाव जित्नका लागि अध्यक्ष राउतले मतदाता तथा नेतालाई चाहिँदा नचाहिँदो आश्वासन तथा प्रतिवद्धता जनाउनु भयो तर स्थानीय सरकारदेखि प्रदेश तथा संघीय सरकारसम्म जनमत पार्टी सहभागी भयो तर जनतासँग गरेका ती वाचाहरु सिके राउतले पुरा गर्न सक्नु भएन ।

सिके राउतले पनि काँग्रेस, एमाले, माओवादी जस्तै यहाँसम्म कि जसपा नेपाल र लोसपाले विगतदेखि गर्दै आएको गतिविधि जस्तै गरिरहनु भएको छ । मधेशी जनताले जसपा र लोसपाभन्दा जनमत पार्टी फरक हुने अपेक्षा गरेका थिए । र जनमत पार्टीले चुनावको समयमा त्यही प्रतिवद्धता जनाइएको थियो । जसपा र लोसपा भन्दा पक्कै पनि फरक कार्य गर्ने आश्वासन जनमत पार्टीले दिएको थियो । तर ती सब पुरा नहुने देखिए पछि विस्तारै विस्तारै नेता तथा कार्यकर्ताले पार्टी छाड्न थालेका छन् ।

#### सिके राउतको आरोप

यसरी पार्टी छाड्न थालेपछि पार्टीमा गम्भीर रुपमा समिक्षा हुन थालेको छ । पार्टीभित्र देखिएमा विभिन्न असन्तुष्टिका कारण नेता तथा कार्यकर्ता पार्टी छाड्न थालेपछि जनमत पार्टीका अध्यक्ष राउतले त्यसका विभिन्न १९ वटा कारण औल्याउनु भएको छ । दुई साताअघि सम्पन्न भएको सचिवालको बैठकमा पार्टी छाड्ने नेताको बारेमा विभिन्न कोणबाट उहाँले छलफल गराउनु भएको थियो ।

जनमत पार्टीका एक पदाधिकारी अनुसार अध्यक्ष राउतले बैठकमा भन्नुभएको थियो, ‘ पार्टीमा मान्छे जोडिनु मात्र ठूलो कुरो होइन, निर्वाचनको समयमा त्यसले कस्तो प्रभाव पार्दछ त्यसको आधारमा मूल्याङ्कन हुनु पर्छ ।’ ‘कुनै सदस्य १० वर्षदेखि जिउ ज्यानले लागेको छ, तर जेसुकै बहानामा किन नहोस् निर्वाचनमा गएर आफ्नो पार्टीसँग गद्दारी गर्ने, बागी उठिदिने, अर्को पार्टी वा उम्मेदबारलाई समर्थन गरिदिने, चुपचाप बसिदिने गर्यो भने त्यस्तो नेता कार्यकर्ता हामीसँग १० वर्ष रहनु घातक हो, उहाँले भन्नुभयो, ‘त्यस्तो नेता कार्यकर्तालाई १० दिन पनि हाम्रो पार्टीमा बस्न दिनु हुँदैन, नभए हाम्रो संगठन प्रयोग गरेर उल्टा भाँडभैलो मचाउनेछ, जनमत पार्टीको आफ्नो भोटलाई पनि विकृत र विखण्डित गर्दछ ।’ केन्द्रको निर्देशन नमान्ने, नेत्तृत्व र पार्टीप्रति आदरभाव नराख्ने, आफूले भनेकै मान्छे वडाध्यक्ष, पालिकाअध्यक्ष, इन्चार्ज पदाधिकारी हुनुपर्ने, टिकट पाउनु पर्ने आदि जस्तो ढिपी गर्ने, पार्टीको सूचना चुहावट गर्ने, जासूसी गर्ने जस्ता नेता कार्यकर्ताहरूलाई माला लगाएर अहिले नै विदाई गर्नु उपयुक्त हुने सचिवालयको बैठकमा उहाँले धारणा राख्नु भएको थियो ।

अध्यक्ष राउतले भन्नुभयो, ‘उ पार्टीमा बस्यो वा आयो, उ इन्चार्ज, वडाध्यक्ष, पालिका अध्यक्ष, केन्द्रिय सदस्य बने, नयाँ मान्छे आयो, पुरानाको महत्व घट्यो, अरू त सांसद् मन्त्री भइसके, म त केही हुन सकिन, मलाई मौका दिएन, अरू त मन्त्री भइसके, म त हुन सकिन ।’ आफू त मुख्यमन्त्री हुन सकिन, अरू त १-२ वर्ष मन्त्री हुन्छन्, आफू त छोटो समय मात्रै मन्त्री भए, अरू त सांसद् भइसके, आफू त केही हुन सकिन त्यसैले पार्टी छोडिदिन्छु जस्ता धम्की पनि आउने गरेको अध्यक्ष राउतले बैठकमा राख्नु भएको थियो ।

अरूले राजनैतिक नियुक्ति पाए, मैले पाइनँ, मैले भनेको काम मन्त्रालयबाट भएन, मलाई पार्टीले १० हजार वा २-४ लाख दिएन, त्यसैले पार्टी छोडिदिन्छु, मैले दिएको १० वटा योजनामा आठ वटा मात्रै पर्यो, त्यसैले पार्टी छोडिदिन्छु, मैले भनेको पाँच वटा सरूवामा चार वटा मात्रै भयो, एउटा भएन त्यसैले पार्टी छोडदिन्छु जस्ता कुराले भन्दै पार्टी छोड्ने गरेको अध्यक्ष राउतको बुझाई रहेको छ ।

यहाँसम्म मुख्यमन्त्री, मन्त्रीले फोन उठाएन, मेरो घर आएन, गाउँमा आउँदा खबर भएन जस्ता बहानामा पनि पार्टी छाड्ने गरेका छन् । अध्यक्ष राउतले भन्नुभयो, ‘केही मान्छेको काम नै हरेक ६-६ महिनामा पार्टी फेर्ने रहेको छ त्यस्ता मान्छे छोडेर जाँदा नै राम्रो ।’ जनमत पार्टीलाई सिद्धाउनु पर्छ भन्ने प्रायः सबै पार्टीहरूको समान लक्ष्य भएकाले पनि नेता तथा कार्यकर्ताहरु छाड्ने गरेको पनि ठहर सो पार्टीले गरेको छ ।


जाडो मौसममा चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड








**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार